## ‘ऐतिहासिक, सांस्कृतिक नगरि-समृद्ध पर्यटकीय चन्द्रागिरि’

चन्द्रागिरि नगरपालिकाको आ.व. २०७७/०७८ को

# नीति तथा कार्यक्रम

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वलम्वु, काठमाडौं
बागमती प्रदेश, नेपाल

नेपालले लिएको “समृद्ध नेपाल, सुखी नेपाली” को महान लक्ष्यलाई प्राप्त गर्ने मार्गमा ‘ऐतिहासिक, साँस्कृतिक नगरी-समृद्ध पर्यटकीय चन्द्रागिरि’ स्थापना गर्ने अठोटका साथ हामी पाँचौं नगर सभामा उपस्थित भएका छौं । यो अठोट हाम्रो नगरपालिकामा उपलब्ध तथा प्राप्त गर्नसकिने विविध साधन तथा स्रोतहरुको पहिचान गरी तथा पहिल्याई जनसहभागितामा आधारित विकास र बृद्धिलाई गति दिएर मात्र सार्थक हुनसक्छ । यस कुरालाई मनन गरी नगरपालिकाका जनप्रतिनिधिमार्फत समुदाय र नगरवासीका चाहना र मागहरु संकलन गरिएका छन् । ती जनताका चाहना र मागहरुलाई सम्वोधन तथा अनुक्रिया गर्न तयार गरिएको चन्द्रागिरि नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम यस गरिमामय पाँचौ नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ ।

यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ नेपालका सबै तहका समुदाय तथा वर्गहरुबाट पटक पटक संचालित विविधरुपका ऐतिहासिक आन्दोलनहरुको स्मरण गर्न चाहन्छु । र, ती आन्दोलनहरुमा आफ्नो ज्यानको बलिदान गर्ने सहीदहरुप्रति श्रद्धाञ्जली तथा रगतपसिना बगाउने तमाम योद्धाहरुको उच्च सम्मान गर्दछु ।

**नगरसभाका सदस्यज्यूहरु,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म र भावना, नेपाल सरकारको नीति तथा कार्यक्रम २०७७/०७८, चालु योजना, दिगो विकास लक्ष्य, विभिन्न विषयगत समिति तथा राजश्व परामर्श समितिका निर्णयहरुका आधारभित्र रही कार्यपालिकाका सदस्यज्यूहरुको सुझाव, विभिन्न राजनैतिक दल, संघ/संस्था, कर्मचारी तथा यस चन्द्रागिरि नगरपालिकाका दाजुभाई, दिदी, बहिनीबाट प्राप्त रचनात्मक सुझाव तथा माग र आवश्यकता संकलित गरी साधन तथा स्रोतलाई ध्यानमा राख्दै प्राथमिकताका आधारमा नगर गौरवका निमित्त यस चन्द्रागिरि नगरपालिकाको आ.ब.२०७७/०७८ वर्षको नीति तथा कार्यक्रम पेश गर्दैछु ।

अब म चन्द्रागिरि नगरपालिकाको आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) खानेपानी तथा सरसफाईतर्फ :**

१. नेपाल सरकारले लिएको शून्य फोहर अवधारणालाई अवलम्बन गरी “स्वस्थ र स्वच्छ नगर” कार्यक्रम सञ्चालन गरिने छ ।
२. खानेपानीका स्रोत तथा संरचनालाई समय सापेक्ष सुधार गरिने छ ।
३. दिगो विकासको लक्ष्य अन्तरगत “एक घर एक धारा” को नीति अबलम्वन गरिने छ ।
४. आकाशे पानी संकलन, वाटर रिचार्ज र रियूज गर्ने कार्यक्रमलाई अगाडि बढाईने छ ।
५. खानेपानी उपभोक्ता समिति, खानेपानी व्यवसाय र पानी ट्याङ्कर व्यवसायलाई खानेपानी व्यवस्थापन ऐन बनाइ सो ऐन अनुसार दर्ता, सञ्चालन, नियमन र कारबाही गरिने छ, वडाको सिफारिसमा नगरले यी कार्य गर्नेछ, साथैखानेपानी व्यवस्थापन ऐन, नियमावली तथा सञ्चालन सम्बन्धी कार्यविधि अनुसार नगरबासीहरुलाई खानेपानी उपलब्धतामा एकरुपता ल्याईने छ । खानेपानीको कारोवार गर्ने अन्य संस्थालाई नविकरण गर्दा अनिवार्य वडाको सिफारिसका आधारमा गरिनेछ ।
६. नगरस्तरिय जलश्रोत सम्वन्धी कानून तयार गरी लागु गरिनेछ ।
७. नगर क्षेत्रभित्र रहेका सार्वजनिक ढुँङ्गेधारा, इनार कुवा, पोखरी तथा मुहानहरुलाई संरक्षण गरिने छ ।

८. डिप बोरिङबाट वातावरण सन्तुलनमा प्रभाव पर्ने भएकोले निजी तथा व्यवसायिक डिप वोरिङलाई पूर्ण निषेध गरिने छ ।
९. नक्सा पास गर्दा सेप्टि ट्याङ्की र सोकपिटलाई अनिवार्य गरिने छ ।
१०. सार्वजनिक स्थल, मुख्य राजमार्ग, मुख्य चोकमा आवश्यकता तथा स्थान उपलब्धताको आधारमा आधुनिक सार्वजनिक शौचालयको निर्माण गर्न आवश्यक प्रबन्ध मिलाइने छ ।
११. नदी, खोला, सार्वजनिक स्थल, बाटो आदिलाई सबै प्रकारका फोहरमैला निषेधित क्षेत्र कायम गर्ने र सार्वजनिक स्थलहरुमा प्रदूषण गर्ने कार्यलाई निषेधित गर्दै कानूनी दायरामा ल्याइने छ ।
१२. आधुनिक होम वायोग्यास प्लान्ट स्थापना गरी फोहोर मैलाको उचित व्यवस्थापन गर्ने घरपरिवारलाई प्रोत्साहन गरिने छ ।
१३. मेलम्ची खानेपानी आयोजनालाई नगरपालिका भित्र विस्तार गर्न पहल गरिने छ ।
१४. विधिवत रुपमा दर्ता भएका गैरनाफामूलक संचालित खानेपानी उपभोक्ता समितिलाई प्राविधिक सहयोग नगरपालिकाबाट उपलब्ध गराइने छ ।

**ख) योजना, शहरी आवास तथा भौतिक पूर्वाधार विकासतर्फ :**

१. समग्र पूर्वाधार विकासको लागि आर्थिक मूल्यांकनको प्रक्रिया अगाडि बढाउन नगरस्तरीय तथ्यांक संकलनको प्रकृया अगाडि बढाइने छ ।
२. शहरीकरणलाई व्यवस्थित गर्न निर्माण सम्बन्धी मापदण्डलाई पुनरावलोकन गरी लागू गरिने छ ।
३. नगरपालिकाले मापदण्डअनुसार नयाँ बाटो खोल्ने तथा भएका बाटाहरुलाई मापदण्ड अनुसार कायम गर्ने र स्तरोन्नती गर्ने कार्यमा विशेष प्राथमिकताका साथ कार्य गरिने छ ।
४. खोला, राजकुलोको पहिचान र अभिलेख गरी मापदण्डअनुसार कायम गराइने छ ।
५. नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम र केवल संचालकहरु सँग समन्वय गरी विद्युत प्रसारण लाईन र अन्य अव्यवस्थित तारहरुलाई व्यवस्थित गर्न लगाईनेछ ।
६. अव्यवस्थित जग्गा खण्डीकरणलाई निषेध गरी व्यवस्थित बस्ती विकास गर्न जग्गा एकीकरण कार्यक्रम (Land Pooling) सञ्चालन गरिने छ ।
७. सार्वजनिक निजी साझेदारीका आधारमा सञ्चालन गर्न सकिने योजनाहरुको अभिलेखीकरण गरी कार्यान्वयन गर्ने नीति लिईने छ ।
८. नगरबासीको चाहना र आवश्यकतालाई केन्द्रबिन्दूमा राख्दै उपभोक्ताको अत्यधिक श्रमदान, योगदान हुनसक्ने योजनालाई प्राथमिकता दिईनेछ । साथै, योजनामा आधा, आधा लगानी सहभागिता कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।
९. योजना सञ्चालन गर्दा ठेक्काको ३ प्रतिशत र उपभोक्ता समितिको लागि १.५ प्रतिशत कन्टीन्जेन्सी कायम गरिनेछ । जनसहभागितालाई २० (बीस) प्रतिशत कायम गरी लागू गरिनेछ ।
१०. प्राचीन तथा ऐतिहासिक टोल बस्तीहरुको विकास तथा सुधार कार्यक्रमको प्रशासनिक खर्च नगरपालिकाबाट प्रदान गरिने छ ।
११. प्रस्तावित सम्पदा बस्तीहरुलाई अर्वान भिलेजको रुपमा संरक्षण गर्ने नीति लिइने छ ।
१२. वातावरणमैत्री ढल व्यवस्थापनको लागि निश्चित सम्पदा बस्तीमा ढल प्रशोधनको नमूना कार्यक्रम लागू गरिनेछ भने नगरको ट्रङ्क सिवर लाइन तथा यसको प्रशोधन गरी बल्खु खोलामा सफा पानी बगाइनेछ । यस प्रयोजनको लागि शहरी विकास मन्त्रालय, एकीकृत बागमती सभ्यता आयोजना तथा छिमेकी नगरपालिकाहरुसँग सहकार्य गरिने छ । ढलहरु सोझै खोलामा मिसाउँदा हुने प्रदूषण रोक्नका लागि समुदाय स्तरमै Constructed Wet-Land निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिने छ । सेफ्टी ट्याङ्की बाट सिधै ढलमा फोहोर मिसाउने घरपरिवारलाई दण्ड जरिवाना गरी सेफ्टी ट्याङ्कीको निष्काशन बन्द गरिनेछ ।

१३. स्मार्ट शहर निर्माणको लागि डिजिटल हाउस नम्बरिङको कार्य शुरु गरिने छ ।
१४. नगरपालिका क्षेत्रलाई आन्तरिक जोनिङ गरी प्रतिफलमा आधारित करको मान्यता अनुसार फरक जोनमा फरक फरक नक्सा पास दस्तुर तोकिने छ ।
१५. चन्द्रागिरि नगरपालिकाको वडा कार्यालय भवन नभएका वडाको कार्यालय भवन बनाउने र जिर्ण भएका वडाको भवन निर्माण गरिने छ । जग्गा नभएका वडाको लागि जग्गा प्राप्ती ऐन वमोजिम अधिग्रहण गरी खरीद प्रकृया अगाडी वढाइनेछ ।
१६. च.न.पा.को सहभागिता र जिसस काठमाडौंको सहयोगमा ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय स्वरुप झल्कने गरी निर्माणाधीन नगरपालिकाको भवन निर्माण कार्य चालु आ.व.मै सम्पन्न गरिने छ ।
१७. नगरपालिकाको प्रत्येक वडामा टोल विकास संस्थाहरु गठन गरी उपभोक्ता समितिको कार्यको सक्रिय अनुगमन गराई योजनाहरु नियमन गरिने छ ।
१८. नगरस्तरीय योजना आयोग गठन गरिने छ ।
१९. नगरस्तरीय बहुआयामिक सभाहलको निर्माण कार्य गर्न पहल गरिने छ ।
२०. नगरभित्र भएका चोकहरुको पहिचान र संरक्षण, कलात्मक पहिचान झल्किने गरी निर्माण गरिने छ ।
२१. बस्तीहरुलाई प्राचीन नामले नै चिनिने गरी नाम राखिनु पर्नेछ । वडाको अनुमतिविना जथाभावी नामाकरण गर्न नपाइने नीति अबलम्बन गरिनेछ । साथै नयाँ राखिएका नामहरु तत्काल पुनरावलोकन गरिनेछ ।
२२. नगरमा भएको सार्वजनिक जग्गाको पहिचान र संरक्षण गरिने छ । सार्वजनिक जग्गामा भएको अतिक्रमणलाई यसै वर्ष अतिक्रमणमुक्त गरिनेछ ।
२३. बाटो, गल्ली, गोरेटो, मूलबाटोलाई स्मार्ट सिटीको मोडलमा लैजान योजना बनाइनेछ ।
२४. नगरस्तरीय नयाँ नापी तथा हालसाविक कार्यको सुरुवात गर्न पहलकदमी लिइनेछ ।
२५. नगरपालिका भित्रका हरेक टोल, बस्ती, सार्वजनिक स्थान र सडकहरुमा उज्यालो चन्द्रागिरि कार्यक्रम अन्तर्गत सडक बत्ती तत्काल व्यवस्थापन गरिनेछ ।
२६. नगर सुरक्षालाई मध्यनजर गरी मुख्य टोल, बस्ती र सडकहरुमा सीसी क्यामेराको व्यवस्था र साइरन जडानलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।
२७. चन्दागिरि नगरपालिकाको आफ्नो सम्पूर्ण भौगोलिक क्षेत्रलाई फ्रि वाइफाइ जोन घोषणा गरिने छ ।
२८. सार्वजनिक जग्गासंग जोडिएका निजी जग्गाको क्षेत्रफल बढ कायम गर्ने प्रक्रियालाई कडाईका साथ निषेध गरिनेछ । सार्वजनिक जग्गाको क्षेत्रफल कायम गरे पश्चात मात्र निजी जग्गाको क्षेत्रफल संशोधन गर्नुपर्नेछ ।
२९. पार्क, अस्पताल, भ्यू टावर जस्ता निर्माणाधीन मझौला संरचनाहरुलाई सम्पन्न हुने गरी बजेट व्यवस्था गरिनेछ । आगामी २ वर्षभित्र चन्द्रागिरि नगरपालिकाका हरेक टोल बस्तीलाई खानेपानी, सडक र सरसफाई सहितका आधुनिक, भौतिक पुर्वाधारयुक्त बस्नयोग्य बस्ती विकास गर्ने नीति लिईनेछ ।
३०. चन्द्रागिरि नगर अस्पतालमा कोरोनाको PCR Lab स्थापना गरिनेछ ।
३१. घरनक्शा पास सम्वन्धी अनलाईन सिस्टम लागु गरिनेछ ।
३२. आगामी २ वर्षभित्रमा चन्द्रागिरि नगरपालिकामा उपमहानगरस्तरको स्वास्थ्य पुर्वाधार विकास गर्न नगर क्षेत्रभित्रका उपयुक्त स्वास्थ्य संस्थाहरुसंग समन्वय गरी स्तरोन्नतिका कार्य गरिनेछ ।

**ग) सडक तथा यातायाततर्फ :**

१. चन्द्रागिरि चक्रपथको डि.पि.आर. निर्माण सम्पन्न गरिनेछ ।
२. राजमार्गको मुख्य-मुख्य चोकहरुमा ट्राफिक लाइट, जेब्रा क्रसिङ, रोड मार्किङ, आकाशे पुल निर्माणको लागि पहल गरी नगरपालिकाको मापदण्ड भित्रका सबै सडकलाई क्रमशः स्तरोन्नति गरिनेछ ।
३. सडक तथा बाटो छेउमा रहेका भवनबाट वर्षायामको पानी तथा ढल व्यवस्थित नगरी सिधै सडक तथा पेटीमा कौशी तथा छतबाट झार्ने र निकास खुल्ला राखी बगाउने प्रवृत्तिलाई दण्डसहित निषेध गरिनेछ । प्रत्येक घरबाट निस्कने पानीलाई जमिनमुनि प्रवेश गराई जमिन रिचार्ज गराउन आवश्यक प्रबन्ध गरिनेछ ।
४. सार्वजनिक सडकमा पार्किङ्ग निषेध गरिनेछ तर मुख्य बजार क्षेत्रमा निःशुल्क, सःशुल्क पार्किङको व्यवस्था गरिनेछ । साथै ट्राफिक व्यवस्थापन समेत गरिनेछ ।
५. परम्परागत रुपमा चलन चल्तीमा रहेका साबिक बाटो र ढल निकास यथावत रुपमा कायम गरी त्यस किसिमका बाटो र ढल निकास बन्द गर्न नपाउने नीति अवलम्बन गरिने छ ।
६. सार्वजनिक सडकमा गरिने पार्किङ्ग एवम् मुख्य राजमार्ग, सहायक मार्ग लगायतका सडक पेटी किनारा अतिक्रमण गरी सञ्चालनमा रहेका गाडी मर्मत केन्द्र (वर्कसप) तथा अन्य अव्यवस्थित व्यवसायहरुलाई निषेधित गर्दै सार्वजनिक स्थलहरुमा अव्यवस्थित रुपमा निर्माण सामग्री थुपार्ने, सवारी साधन पार्किङ गर्ने, पसल कवल बाहिर सडक पेटीमा सामग्रीहरु राख्ने कार्य पूर्णतः निषेध गरिनेछ । साथै घर छिर्ने र्‍याम्प आफ्नै साँध सिमानाबाट सुरु गर्नुपर्ने अनिवार्य व्यवस्था गरिनेछ ।
७. बाटो सडकमा व्यक्तिगत घरको निकास खुल्ला रुपमा राख्ने प्रवृत्तिलाई दण्डसहित निषेध गरिनेछ ।
८. सडक हेरचाहको लागि वडामा सडक सफाई मजदूरको व्यवस्था गरिनेछ ।
९. पचास मिटर भन्दा छोटो डेड इण्ड बाटोलाई ३ मिटर र दुबै तर्फ निकास भएको गोरेटो बाटोलाई ४ मिटर. हुने गरी ROW (Right of way) भित्र पर्खाल लगाउन निषेध गरिनेछ ।
१०. स्वच्छ सफा वातावरणमैत्री सडक निर्माण तथा सम्भार गर्ने उद्देश्यसहित सडक किनारा हरियाली प्रवर्द्धन कार्यलाई अगाडि बढाइनेछ ।
११. सुरक्षित, बाल, जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री सडकको लागि मूल राजमार्गमा फुटपाथ आवागमन खुल्ला गरिनेछ । ६ मिटर भन्दा बढी चौडा भित्री सडकहरुमा पनि आवश्यकता अनुसार फुटपाथ निर्माण तथा ट्राफिक सिग्नलको प्रवन्ध गरिनेछ ।
१२. बाडभञ्ज्याङ क्षेत्रमा पीपीपी मोडलमा पर्यटकीय पूर्वाधार निर्माण तथा सञ्चालन गरिने छ ।
१३. एकीकृत बाग्मती सभ्यता आयोजनाको सहयोगमा बल्खु करिडोर सडक निर्माण कार्य दुई चरणमा बाडभञ्ज्याङसम्म गर्न नगरपालिकाद्वारा सहजीकरण गर्दै शहरी बिकास मन्त्रालयमा पहल गरिनेछ ।
१४. राष्ट्रियस्तरका सडकमार्गहरु थानकोट, नागढुंगा, सिन्नेखोला (नेपालको पहिलो सुरुङमार्ग), कलंकी-नागढुंगा त्रिभुवन राजमार्ग, थानकोट-चित्लाङ-हेटौंडा मार्ग, नागढुंगा-कलंकी-धुलिखेल मेट्रो रेल एवम् प्रदेश तथा क्षेत्रीयस्तर सडक मार्गहरु, बल्खु खोला करिडोर, सतुंगल-मातातीर्थ-चखेल-हेटौंडा मार्ग, दुरसंचार-मातातीर्थ-चलेख-हेटौंडा मार्ग, सतुंगल जरुचा-मुलखुशी-तीनथाना-कीर्तिपुर मार्ग, त्रिभुवन राजपथ जोड्ने बाडभञ्ज्याङ मनकामना मसिने-सातघुम्ती मार्ग, चिसापानी-भिमढुंगा मार्ग, स्यूचाटार-कंकाली-फाकल चौर (स्वीट्जरल्याण्ड पार्क) हुँदै ईन्द्रदह मार्ग, कलंकी-घ्याम्पेडोल हुँदै नागढुंगा मार्ग, मितेरी मार्ग, चेकपोष्ट-मातातीर्थ, चेकपोष्ट वाणस्थली हुँदै त्रिवेणी जाने मार्ग, मातार्थि-मच्छेगाउँ-टौदह मार्गमा रहेका सडकमार्ग समयमा

नै मर्मत सुधार तथा निर्माण सम्पन्न गर्नका लागि नगरपालिकाबाट आवश्यक सहजीकरण तथा समन्वय गरिनेछ, साथै नगरभित्र रहेका सम्पूर्ण स्थानीय स्तरका सडकहरुको विस्तार, मर्मत तथा सुधार गरिनेछ ।

१५. नगरपालिका क्षेत्रभित्र विद्युतीय गाडी चार्जिङ स्टेसनको पूर्वाधार तयार गर्न आवश्यक सहजीकरण गरिनेछ ।

१६. त्रिभुवन राजपथाको कलंकी-नागढुंगा सडक खण्डमा हाल कायम रहेको मापदण्ड पुरा हुन नसकेका स्थानमा सडक विभाग संग समन्वय गरि मापदण्ड कायम गर्न पहल गरिनेछ ।

१७. च.न.पा १३ को लाईफलाईनको रुपमा रहेको का.म.पा १४ हुँदै खड्कागाउँ-साविक पुरानो नैकाप-मदन भण्डारी स्मृति पार्क-बलम्वु-ईन्द्रदह मार्गको विकास गरिनेछ ।

१८. त्रिवेणी पुल लगायत जिर्ण र अधुरा रहेका पुलहरुलाई प्राथमिकताका साथ निर्माण गरिनेछ ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन तर्फ :**

१. योग्य र विज्ञ व्यक्तिको परामर्शमा, वातावरणमैत्री स्थानीय शासनको प्रारुपबमोजिम यस नगरपालिकामा वातावरणमैत्री नगर निर्माणको लागि नीतिनियम बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।

२. खोलानाला, खोल्साखोल्सीमा ढल तथा सेप्टी टयाङ्कीलगायत विषादी मिसाउने कार्यलाई कानुनको दायरामा ल्याइनेछ ।

३. अति प्रदुषण फैलाउने उद्योग कलकारखानाहरूलाई निरुत्साहित गरिनेछ । कम कार्वन उत्सर्ग हुने प्रविधिलाई प्रोत्साहन गरिनेछ ।

४. प्लाष्टिक तथा रवरजन्य नकुहिने फोहर र कुहिने फोहरलाई व्यवस्थित गर्न नगरबासीको समेत संलग्नता बढाई डष्टविन वितरणलाई व्यवस्थित गरिनेछ र त्यसको दुरुपयोग गर्नेलाई कारवाही गरिनेछ । सोको अनुगमन गर्न स्थानिय स्वयंसेवीका समेत परिचालन गरी शून्य फोहरको नीतिलाई अवलम्वन गर्दै अन्य फोहरजन्य पदार्थ जथाभावी जलाउन र जथाभावी फ्याक्ने कार्यलाई निषेध गरी मापदण्ड विपरितका प्लाष्टिक प्रयोगमा रोक लगाईनेछ । कागज तथा कपडाजन्य लगायतका झोलाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

५. बर्गिकरणको आधारमा फोहोर संकलन कार्यमा एकरुपता ल्याउन नगरपालिकाबाट जारी कानून कार्यान्वयनमा ल्याई व्यवस्थित गरिनेछ ।

६. नगरभित्र भएका ईट्टाभट्टा तथा टायल उद्योगहरूलाई वातावरणमैत्री टनेल किलिन (Tunnel Kiln) प्रविधिमा आधारित बनाउनेलाई मात्र संचालत गर्न दिइनेछ र अन्यलाई हटाइनेछ ।

७. नगरपालिकामा वातावरण कोषको व्यवस्थापन गरिने छ ।

८. विपद व्यवस्थापनलाई व्यवस्थित र २४ सै घण्टा सेवा प्रदान गरी सुविधा सम्पन्न स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र Local Emergency Operration Center स्थापना गर्ने र भवन निमार्णको लागि जग्गा व्यवस्थापन नगरपालिकाले गर्ने र निर्माणका लागि लाग्ने खर्चको लागि अन्य निकायसँग सहकार्य गरिनेछ ।

९. फोहरलाई मोहरमा परिणत गर्ने कार्यलाई प्रभावकारी बनाउन घरबाट निस्कने फोहरलाई व्यवस्थित गरी फोहर व्यवस्थापनमा नमूना नगरपालिकाको रुपमा विकास गर्न नगरपालिकाका वडाहरुमा संभाव्य सार्वजनिक जग्गा खोजी गरिनेछ यदि सार्वजनिक जग्गा उपलब्ध हुन नसकेको अवस्थामा निजी जग्गालाई लिजमा लिई नमुनाको रुपमा शुरुआत गरिनेछ । त्यसका लागि सरकारी, सहकारी, निजी साझेदारीका साथ अगाडि बढाईनेछ ।

१०. नगरपालिकालाई पर्यावरणमैत्री बनाउँदै सन्तुलित आहारको लीग समेत टेवा पुग्ने गरी नगरका भित्री सडकको किनारामा फलफूल रोप्ने कार्यमा उपभोक्ता समिति तथा गैर सरकारी संघ संस्थाको सहकार्यलाई प्राथमिकता दिइनेछ ।

११. नगरपालिकाको प्रत्येक वडामा कम्तिमा चारवटा विपद स्वयंसेवक टोली गठन गरी टोलीको कामको प्रकृति अनुसारको तालिम दिई विपदमा खटिने गरी सक्रिय गराईनेछ ।

१२. नगरपालिकाका विभिन्न वडाहरुमा रहेका सरकारी तथा सामुदायिक पार्कहरुमा फलफूलका विरुवा रोप्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१३. विपद जोखिम न्यूनीकरण तथा उत्थानशीलता र क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

१४. विपदको पूर्वसर्तकता अपनाउन सूचना प्रविधिको प्रयोगमा ल्याइनेछ ।

१५. प्रत्येक वडाहरूमा पुरानोपोखरी संरक्षण र नयाँपोखरीको निर्माण (वाटर रिचार्ज सेन्टर) कार्यलाई निरन्तरता दिइनेछ ।

१६. नगरपालिकाको विपद व्यवस्थापन कोषमा पर्याप्त रकम व्यवस्था गरी विपद व्यवस्थापनलाई थप प्रभावकारी गराई उचित राहत उद्धार, पुनस्थापन तथा पुनर्निर्माणको व्यवस्थापन गरिनेछ ।

१७. हाम्रो कर्तव्य र नक्सापासमा २ (दुई) वटा फलफुलका विरुवा रोप्नु पर्ने अनिवार्यतालाई निरन्तरता दिइनेछ ।

१८. बाढीपहिरो जाने, भूक्षय हुने क्षेत्रको पहिचान गरी रोकथामका विषेश व्यवस्था गरिनेछ ।

१९. भौतिक संरचना वा भौतिक पूर्वाधार निर्माण प्रक्रियालाई वातावरणमैत्री बनाउँदै योजना कार्यक्रम छनौट गरिने वा गर्न प्रेरित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२०. नगरपालिकाको विभिन्न सार्वजनिकस्थलहरूमा इकोपार्क निर्माण अभियान निरन्तरता दिइनेछ ।

२१. नगरपालिका, वडा कार्यालय र नगरपालिका मातहतका सार्वजनिक सेवाका कार्यालयहरू, निजी आवासक्षेत्र, उद्योग, औद्योगिक भवनहरूमा फायर एक्स्टीग्युंसर (Fire Extinguisher) अनिवार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२२. छरिएर रहेका कुटिर उद्योगहरूलाई एकीकृत गरी औद्योगिक ग्राम स्थापना निरन्तरता दिईनेछ ।

२३. “एक वडा एकउद्यान” निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

२४. नगरभित्र रहेका सार्वजनिक खोला, इनार, कुवा र ऐतिहासिक पोखरीहरु सरसफाइ गरी स्वच्छ नगरपालिका बनाउन अभियान संचालन गरिने छ ।

२५. तत्काल विपद् व्यवस्थापनका लागि रु. १ करोडको विपद् व्यवस्थापन कोष स्थापना गरिने छ । सो कोष संचालनका लागि १ कार्यविधि बनाइने छ ।

२६. अतिक्रमित भएका खोलानाला पुनःमूल्यांकन गर्न र अतिक्रमित हुन नदिन अभियानात्मक रुपमा कार्यक्रम संचालन गरिने छ ।

**ङ) शिक्षा, युवा तथा खेलकुदतर्फ :**

१. नगरस्तरीय शिक्षा स्थानीय पाठ्यपुस्तक निर्माण गरी विद्यालयहरुमा अध्यापन गराइनेछ । पाठ्यपुस्तकमा स्थानीय भूगोल र इतिहास, स्थानीय सरकार, साँस्कृतिक सम्पदा, वन वातावरण तथा सरसफाइ, स्थानीय आर्थिक आधार, समाज विकासको अवस्था, पर्यटन, स्थानीय विकासका पूर्वाधार र विपद् व्यवस्थापन र सुरक्षा आदि इकाइ समावेश गरिने छ यसको लागि कोषको व्यवस्था गरिनेछ ।

२. नगरपालिका क्षेत्रभित्र रहेका विद्यालय तथा क्याम्पसको गुणस्तरीय शैक्षिक स्तरमा एकरुपता कायम गर्न सहकार्य गरिनेछ ।

३. सामुदायिक विद्यालयहरुलाई शैक्षिक गुणस्तरमा सुधार गर्ने नीतिलाई निरन्तरता दिंदै शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावकको क्षमता अभिबृद्धि गरिनेछ ।

४. महादेस्थान गुमालचोकी स्कुलमा निर्माण भएको चन्द्रागिरि नगरस्तरीय प्राविधिक शिक्षालयको निर्माण कार्य सम्पन्न गरी आगामी आ.व बाट CTEVT संग समन्वय गरी व्यवसायिक तथा सीपमूलक तालिम कक्षाहरु संचालन गरिनेछ ।

५. 'एक घर एक स्नातक' कार्यक्रम अगाडि बढाइनेछ ।

६. चन्द्रागिरि नगरपालिकाबाट निरक्षरता उन्मुलन गरी नगरभित्र उच्च र गुणस्तरीय शिक्षाको अवसर सृजना गरी सर्वसाधारण जनतामा उच्च र गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउने नीति लिइनेछ ।

७. बाल कक्षा सञ्चालन तथा सम्बर्द्धनमा नगरपालिकाबाट वार्षिक रुपमा पुऱ्याउँदै आएको आर्थिक अनुदान सहयोगलाई निरन्तरता दिइनेछ साथै विषेश शिक्षा प्रवर्द्धनात्मक कार्यक्रमका लागि पनि थप सहयोग गरिनेछ ।

८. चन्द्रागिरि नगरपालिका भित्र खेलकुद विकासका निम्ति खेल मैदान तथा संरचनाको विकास गरिनेछ ।

९. सम्पूर्ण खेल क्षेत्रको विकास गर्न नगर खेलकुद विकास समिति गठन गरिनेछ ।

१०. हाल कायम रहेका खेलकुद मैदान, कबड हल लगायतका संरचनाहरुको सूचिकृत गरी प्रयोग योग्य बनाउन पहल गरिनेछ ।

११. चन्द्रागिरि नगरपालिकामा वार्षिक रुपमा नगरपालिका स्तरीय खेलकुद महोत्सवको आयोजना गरिने छ । वडाव्यापी नगरस्तरीय मेयर कप फुटबल र ए डिभिजन फुटवल संचालन गरिनेछ ।

१२. युवा तथा खेलकुद क्षेत्रको विकासका लागि सम्बद्ध संघसंस्थाहरुको समन्वय र सहकार्यमा राष्ट्रिय अन्तर्राष्ट्रिय तथा नगरस्तरीय खेलकुद विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय र साझेदारी गरिनेछ ।

१३. यस नगरपालिकाभित्र रहेको मदन भण्डारी खेल मैदानलाई अन्तर्राष्ट्रिय खेल मैदानको रुपमा विकास गर्दै नैकाप, मातातीर्थ, बनदेवी लगायत अन्य खेल मैदानलाई राष्ट्रिय स्तरको खेल मैदानको रुपमा विकास गरिनेछ ।

१४. लागुपदार्थ दुर्व्यसनविरुद्ध चेतनामूलक कार्यक्रम विद्यालयस्तर देखि नै सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१५. विदेशबाट फर्किने र स्वदेशमै रहेका युवालाई रोजगारीका लागि, विदेशिने प्रवृतिलाई निरुत्साहित गर्न रोजगारमूलक सीपमूलक तालिम कार्यक्रमलाई प्राथमिकता दिइनेछ। सोका लागि स्वरोजगार कोष स्थापना गरिने छ । यसलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

१६. गरीब, जेहेन्दार, दलित, जनजाति, महिला, मधेसी, पिछडिएको वर्ग, अपाङ्ग आदिलाई निश्चित कोटा निर्धारण गरी जीवननिर्वाह छात्रवृत्ति प्रदान गरी अध्ययनको पहुँच विस्तार गरिने छ । कठिन अवस्थामा रहेका बालबालिकालाई शिक्षाको लागि सहयोग प्रदान गरिनेछ ।

१७. युवा जनशक्तिको ज्ञान, सिपलाई बृद्धि गर्ने अवसरका लागि युवा बालवालिका केन्द्रित खेलकुद, साँस्कृतिक कार्यक्रम, अतिरिक्त क्रियाकलाप संचालन, सामुदायिक परिचालन, नेतृत्व विकास जस्ता क्षेत्रमा निश्चित कार्यक्रम तयार गरी सञ्चालन गरिनेछ ।

१८. वालवालिकामा सूचना र प्रविधिको ज्ञान सीप अभिबृद्धि गरी दक्ष नागरिक तयार गर्न प्रत्येक विद्यालयमा सूचना र प्रविधिको व्यवस्थापन गरिनेछ ।

१९. विद्यालय नक्साङ्कन गरी सामुदायिक विद्यालयका विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी मिलान, विद्यालय गाभ्ने प्रकृया र विद्यालयलाई विषयगत केन्द्रका रुपमा परिवर्तन गर्न एकीकृत कार्यक्रम लागु गरिनेछ भने संस्थागत विद्यालयलाई उपयुक्त सुपरीवेक्षण, नियमन तथा सहजीकरण गर्दै आम जनसमुदायको अपेक्षा अनुरुपको जनशक्ति उत्पादन गराउन सबल सक्षम बनाईनेछ ।

२०. यस नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयको स्तरबृद्धि गरी कक्षा १-१० सम्म संचालित विद्यालयहरु मध्ये सक्षमता र उपयुक्तताको आधारमा विद्यालयलाई १-१२ को अनुमति प्रदान गरिनेछ ।

२१. विद्यालयहरु मध्ये केही विद्यालयहरुमा प्राविधिक व्यवसायिक धार एवं सीपमूलक प्रशिक्षणमा आधारित कक्षा सञ्चालनको पूर्वाधार निर्माण, जनशक्ति तयारी, श्रोत व्यवस्थापन र नमुना शैक्षिक कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ।

२२. नगरभित्र संचालित विद्यालयहरुका छात्रछात्रालाई दिवा खाजा र छात्राहरुलाई सेनेटरी प्याड र वितरण गरिने छ।

२३. नगर शिक्षा समिति गठन गरी नगरपालिका भित्रका शिक्षा क्षेत्रको समग्र विषयबस्तुलाई व्यवस्थापन गर्दै स्थानीय स्रोत र साधनलाई बढावा दिइनेछ।

२४. शैक्षिक विज्ञहरुको सेवा लिने नीति अवलम्बन गरिनेछ।

२५. नगर क्षेत्रभित्र बसोबास गरी आएका सरकारी सेवा र सुविधा लिने राष्ट्र सेवकहरु तथा नगर जनप्रतिनिधिहरुका छोराछोरीलाई अनिवार्य रुपमा सरकारी विद्यालयमा अध्यापन गराउने व्यवस्था गरिनेछ।

२६. नगर क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक पुस्तकालय/वाचनालयलाई नगर गौरबको रुपमा संचालनमा ल्याउने नीति लिइने छ।

२७. चन्द्रागिरि नगरपालिका भित्र नगरस्तरीय प्रगतिशील अध्ययन पाठशाला संचालनमा ल्याइने छ।

२८. युवालाई उद्यमशील र स्वरोजगार बनाई विदेश पलायन रोक्न र आयातलाई घटाउन परियोजना प्रस्ताब लिई सहुलियत कर्जा प्रदान गरिनेछ।

२९. युवाको सर्वाङ्गीण बिकास र परिचालन गर्न टोल तथा वडास्तरमा युवा क्लव गठन गरिनेछ।

३०. सीप र क्षमताको अभिबृद्धि गर्न र परम्परागत सीपलाई पुनःजागरण गर्न तथा शैक्षिक क्षेत्रको गुणस्तरलाई बृद्धि गर्न नगरभित्र सिकाई/अध्ययन केन्द्र संचालनमा ल्याइने छ।

३१. शिक्षा, युवा, तथा खेलकुदको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पर्ने सबै ऐन कानून तथा कार्यविधि तयार गरिने छ।

३२. शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरुलाई सामाजिकीकरण र समुदायप्रति उत्तरदायित्व बहन गराउन विद्यालय स्वयम् सेवक कार्यक्रममार्फत स्काउट र रेडक्रस गठन गरी सहभागितामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

३३. सार्वजनिक विद्यालयमा पठनपठान गर्ने विद्यार्थीहरुलाई दुरशिक्षामा पहुँच पुऱ्याउन सर्वेक्षण गरी पहुँच नपुगेका विद्यार्थीका लागि टेलिभिजन पहुँचको कार्यक्रम गरिनेछ।

३४. शिक्षालाई प्रभावकारी बनाउन न्यून आर्थिक अवस्था भएका विद्यार्थीहरुमा इन्टरनेटको सुविधा उपलब्ध गराइनेछ।

३५. चन्द्रागिरि नगरलाई खेलकुद नगरीका रुपमा विकास गर्न विभिन्न खेलकुद आयोजना गरिनेछ। त्यस्तो आयोजनामा महिला सहभागितामा विशेष ध्यान पुऱ्याईनेछ।

३६. 'चन्दागिरि नगरको इच्छा, छोरी वुहारीलाई उच्च शिक्षा' भन्ने नारालाई सार्थक बनाउन नगरका छोरी वुहारीलाई उच्च शिक्षाको लागि उपमेयर छात्रवृत्ती प्रदान गरिनेछ।

३७. नगरस्तरीय महिला भलिबल प्रतियोगिता संचालन गराइनेछ।

३८. चन्द्रागिरि पर्वतीय साइक्लिङ दौड (देश-विदेश) प्रतियोगिता आयोजना गरिनेछ।

३९. विभिन्न खेलकुदका लागि नगरबाट खेलाडि उत्पादन गर्न विशेष प्रकृया चालिनेछ।

४०. विद्यालय तथा सिकाई केन्द्रहरुमा कोभिड १९ बाट वच्ने उपायहरुको सचेतना अभिवृद्धि गरिनेछ।

**च) स्वास्थ्य तथा आयुर्वेदतर्फ :**

१. जनस्वास्थ्यलाई अत्यावश्यक आधारभूत तथा मौलिक आधारका रुपमा स्थापित गर्दै स्वास्थ्य संस्थाहरुका स्तरोन्नती एवं स्वास्थ्य सेवा प्रवाहलाइ गुणस्तरिय Minimun Standard Service (MSS) सेवा प्रवाह गर्न आवश्यक समन्वय, सहकार्य र प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ।

२. नगरपालिका क्षेत्रमा रहेका स्वास्थ्य चौकी, प्राथमिक अस्पताल, सामुदायिक अस्पताल, बर्थिङ सेन्टरप्रति आम नागरिकको विश्वास तथा साझा मनोविज्ञान आकर्षण बढाउन सम्वद्ध पक्षसँग सहकार्य गरिनेछ ।
३. उत्कृष्ट सेवा प्रदान गर्न सफल स्वास्थ्य संस्थाहरुबाट मूल्यांकन भई सिफारिस भएको एक वटा स्वास्थ्य संस्थालाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिनेछ ।
४. महिला स्वस्थ्य स्वयंसेवीकाहरुको प्रोत्साहनका लागि नगरपालिकाबाट उपलब्ध गराउँदै आएको प्रोत्साहन खर्चलाई निरन्तरता दिईनेछ ।
५. नगरपालिकाभित्र भएका स्वास्थ्य चौकीहरुको REFERAL सेन्टरको रुपमा प्राथमिक अस्पताल र सामुदायिक अस्पताललाई विशेषज्ञ डाक्टरहरुको सेवासहित उच्चतम ल्याब सेवा, एक्स-रे, ई.सी.जी, अल्ट्रा साउण्ड र अपाङ्गमैत्री अस्पताल विकास गरी आम नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्न पहल गरिनेछ ।
६. नेपाल सरकार तथा अन्य निकायको ऐन, नीति, नियम, निर्देशिका र परिपत्र समेतको आधारमा साबिक देखि सञ्चालन हुँदै आएका स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
७. स्वास्थ्य चौकी नभएका वडामा स्वास्थ्य क्लिनिक संचालन गरी आधारभूत स्वास्थ्य सेवामा सहजता ल्याइनेछ आगामी आ.व.मा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गरिनेछ ।
८. सुनौलो हजार दिनमा गर्भवती, सुत्केरी आमा र नवजात शिशुहरुको स्वास्थ्य अवस्था सुधार तथा मातृ मृत्यु र नवजात शिशुको मृत्युमा कमी ल्याउन गर्भवती महिलालाई फोलिक एसिड, आईरन चक्की, क्याल्सियम, जुकाको औषधी, टि.टी. खोप, समय समयमा गर्भजाँच तथा रगत परीक्षण र सुत्केरी आमालाई भिटामिन ए, नवशिशुलाई १५ महिना सम्मको खोप तथा पोषण शिक्षा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
९. प्रत्येक वडामा गर्भवतीसँग उपमेयर कार्यक्रम सञ्चालन गरिनेछ ।
१०. जेष्ठ नागरिकको स्वास्थ्यमा ध्यान दिँदै प्रेसर तथा सुगर रोगबाट पीडित नागरिकलाई सुगर र प्रेसरको औषधी स्वास्थ्य चौकीबाट निःशुल्क प्रदान गर्नुका साथै निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ ।
११. स्वास्थ्यकर्मी र महिला स्वयम् सेवीका मार्फत् नागरिकलाई कोभिड-१९ सम्बन्धी सचेतना कार्यक्रम र प्रारम्भिक स्वास्थ्य जाँच गराइनेछ ।
१२. चन्द्रागिरि नगरपालिकामा कोरोनाको संक्रमणको नियन्त्रणको लागि प्रत्येक वडामा एक क्वारेन्टीन र नगरमा कम्तीमा २ वडा आइसोलेन केन्द्र निर्माण गरिनेछ ।
१३. कोभिड-१९ विरुद्ध अग्रपंक्तिमा रहि कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, संचारकर्मी, सुरक्षाकर्मीका लागि व्यक्तिगत सुरक्षाको उपकरण, सेवामा थप भत्तासहित प्रेरित गर्ने साथै स्वास्थ्य बीमा पनि गरिनेछ ।
१४. कोभिड-१९ का प्रभावका कारण जीवन धान्न गाह्रो भएका अशक्त, अपांग, मजदुर र निम्न वर्गलाई जीवन रक्षाको लागि राहतको व्यवस्थापन गरिनेछ ।
१५. कोभिड-१९ सम्बन्धी मनोचिकित्सक परामर्श उपलब्ध गराइनेछ ।
१६. चन्दागिरि नगरपालिकाको नागढुंगामा आवश्यक उपकरण सहितको स्वास्थ्य डेस्कको व्यवस्था संचालनमा निरन्तरता दिइनेछ ।
१७. नगरपालिकाभित्र संचालित अन्य स्वास्थ्य संस्थाहरुसँग नगरपालिका-अस्पताल साझेदारी कार्यक्रम अन्तरगत सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराईने व्यवस्था गरिनेछ ।
१८. स्वास्थ्य संस्थाबाट निस्कने संक्रमण युक्त फोहरको उचित व्यवस्था मिलाइनेछ ।
१९. स्वयम् सेविकाहरु मध्येबाट ११ वटा स्वास्थ्य चौकीका ११ जनालाई उत्कृष्ट म.स्वा.स्व.से.लाई पुरस्कारको व्यवस्था गरिनेछ ।
२०. नगरभित्र बालमृत्युदर तथा मातृमृत्युदर न्यूनतम झार्ने र मातृत्वको संरक्षणको दायित्व नगरले लिनेछ ।

२१. बाल संरक्षण कोष खडा गरी बाल संरक्षण अनुदान मार्फत कुपोषणविरुद्ध विशेष अभियान सञ्चालन गरिने छ, कुपोषणको अन्त्य गरिनेछ ।
२२. स्वास्थ्य सेवाको गुणस्तर अनुगमन गर्न र प्रवर्धनात्मक स्वास्थ्य सेवा प्रवाहलाई स्थानीय स्तरमा व्यापक गराउदैं लैजान विषयगत समितिबाट नियमित अनुगमन गरिनेछ ।
२३. स्वास्थ्य विमाको कार्यक्रम सञ्चालन गरिनेछ ।
२४. विपन्न तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई कडा रोग लागेका (नेपाल सरकारले तोकेका) विरामीहरुलाई नगरको तर्फबाट दिंइदै आएको विशेष सुबिधालाई निरन्तरता दिईनेछ । साथै नेपाल सरकारले दिने सुविधाको सिफारिस दिइनेछ ।
२५. ज्येष्ठ नागरिक चिरायु कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२६. सुविधा सम्पन्न ५० शैयाको विशेषज्ञसहितको अस्पताल निर्माण गरिनेछ । उक्त अस्पताललाई सामुदायिक वा सहकारी मोडलमा स्थापना र सञ्चालन गरिनेछ ।
२७. नगरपालिकामा संचालनमा रहेका सबै निजी स्वास्थ्य संस्थाहरुलाई सुचीकृत गरी नगरवासीलाई सहुलियत सेवाको लागि पहल गरिनेछ ।
२८. वडा वा नगरको सिफारिशमा निजी अस्पतालसँग समन्वय गरी नगरवासीहरुलाई प्राथमिकताका साथ सहुलियत दरमा स्वास्थ्य सेवा प्रदान गर्नुका साथै गरिब तथा बिपन्नलाई निःशुल्क स्वास्थ्य व्यवस्था गरिनेछ ।
२९. निजी स्वास्थ्य संस्थाहरुसँग सहकार्य गरी स्वास्थ्य चौकीहरुमा नियमित स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
३०. विरामीको आशालाग्दो स्वास्थ्यकर्मी बनाउन सेवामुखी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
३१. निरोगी चन्द्रागिरि अभियान अन्तर्गत नगरभित्रका पार्क तथा सार्वजनिक स्थलहरुमा व्यायाम सामानहरु व्यवस्थापन गरी संचालनमा ल्याइनेछ ।
३२. नगरपालिकामा सञ्चालनमा रहेका सबै सरकारी, संस्थागत तथा निजी एम्बुलेन्सहरुलाई सूचीकृत गरी एकीकृत प्रणाली मार्फत समन्वय गरी सञ्चालन गरिनेछ ।
३३. असहाय, विपन्न, जेष्ठ नागरिक तथा दुर्घटनाका घाईतेहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
३४. स्वास्थ्यमा प्रतिकूल असर पार्ने सुर्ती, सुर्तीजन्य पदार्थ, मदिरा, मदिराजन्य एवं अन्य खाद्यपदार्थको प्रवर्द्धनमा बन्देज लगाई बिक्री वितरणलाई नियमन गरिनेछ ।
३५. परम्परागत रुपमा प्रचलनमा रहेका आयुर्वेदिक उपचार पद्धतिहरुलाई वैज्ञानिक व्यवस्थापन गर्न 'एक टोल एक वैद्य' उत्पादन कार्यक्रम सुरुवात गरिनेछ ।
३६. स्थानीय सामुदायिक वनभित्र जडिबुटी उत्पादन र प्रयोगलाई कार्यान्वयनमा ल्याइनेछ ।
३७. योग विज्ञान, आयुर्वेद, प्राकृतिक चिकित्सा, अकुपञ्चरलगायत बैकल्पिक उपचार क्षेत्र विकासको लागि जनशक्ति र पूर्वाधार तयारीमा विशेष जोड दिइनेछ । यस क्षेत्रलाई सूचिकृत गरी सञ्चालनमा ल्याइनेछ ।
३८. जडिबुटी पहिचान, संरक्षण तथा प्रशोधन केन्द्र स्थापना गरिनेछ ।
३९. जडिबुटी खेतीलाई प्रोत्साहन गरिनेछ । यस कार्यको लागि नगरबाट सहुलियतमा जडिबुटीजन्य बिरुवा नगरबासीलाई वितरण गरिनेछ ।
४०. प्रवर्धनात्मक स्वास्थ्य कार्यक्रम सबै वडामा स्वास्थ्य केन्द्रहरुसँग समन्वय गरी संचालन गरिनेछ ।
४१. विद्यालय नर्स कार्यक्रमलाई नपुग स्वास्थ्य सामाग्रीको व्यवस्थापन गरिनेछ ।

**छ) सामाजिक सुरक्षा तथा सामाजिक विकासतर्फ :**

१. लक्षित समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकास गर्दै सशक्तीकरणमा जोड दिइनेछ ।

२. स्थानीय तह लैंगिक उत्तरदायी तथा समावेशी बजेट तर्जुमा एवं परीक्षण गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालनमा ल्याइनेछ ।
३. उत्पीडित र सीमान्तकृत वर्ग समुदायलाई विकासको मूलधारमा ल्याउन उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ ।
४. जातीय भेदभाव तथा कुरीति हटाउन जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
५. विपन्न तथा लक्षित वर्गलाई नगरपालिका भित्रै रोजगारीको श्रृजना गरिनेछ ।
६. दलित, जनजाति, अपांग, तेस्रो लिङ्गी तथा विपन्न समुदायलाई प्रत्येक क्षेत्रमा समान तथा अनिवार्य सहभागिता वृद्धि गरिनेछ ।
७. नगरपालिकाभित्र रहेका जनशक्तिलाई विदेश पलायनबाट रोक्न रोजगारी/सीपमूलक कुटिर उद्योग, घरेलु उद्योग सञ्चालन गरिनेछ । यस कार्यमा विदेशबाट फर्किएका यूवा जनशक्तिलाई पनि समावेश गरिनेछ ।
८. कार्यपालिका सदस्यहरुको संयोजकत्वमा रोजगारीमूलक तथा सीपमूलक तालिमको व्यवस्थापन गरिनेछ ।
९. आफ्नो सीप तथा पूँजी प्रयोग गरी व्यवसाय गर्न ईच्छुक लक्षित वर्गका लागि उद्यमशीलता तालिम सञ्चालन गरिनेछ ।
१०. तालिम प्राप्त व्यक्ति वा समूहले व्यवसाय सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट स्वीकृत कार्यविधी अनुसार विउ पूँजी कार्यक्रम मार्फत् अनुदान उपलब्ध गराइनेछ ।
११. मठ मन्दिर तथा ऐतिहासिक महत्व बोकेका धरोहरहरु सूचिकृत गरी संरक्षण तथा प्रवर्द्धनका लागि गुरुयोजना तयार पारिनेछ । किसिपिडी र बलम्बु क्षेत्र संरक्षणको लागि तयार भैसकेको गुरुयोजना कार्यान्वयन गरिनेछ । साथै अन्य प्राचीन बस्तीहरुको गुरुयोजना तयार गरिनेछ ।
१२. नगरपालिकाको सामाजिक परिसूचांकको आधारमा सामाजिक विकास सम्बन्धी नीति/योजना/कार्यक्रम तय गर्न नगर प्रोफाईल तयार गर्ने कार्य सम्पन्न गरी नगर प्रोफाइललाई GPS/GIS प्रणालीअनुसार प्रयोग गरिनेछ ।
१३. नगरभित्र रहेका विभिन्न समूदायको पैतृक पेशालाई अनुदानको व्यवस्था गरी आत्मनिर्भर कार्यक्रम अगाडि बढाइनेछ ।
१४. घरबारविहीन नगरबासीलाई नगर आवास कार्यक्रम संचालन गरिनेछ ।
१५. बजार अनुगमन तथा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
१६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना गरिनेछ ।
१७. नगरभित्र रहेका सामाजिक संघसंस्थालाई सूचीकृत गरी विविध कार्यक्रममा परिचालन गराइनेछ ।
१८. छोराछोरीको आम्दानीको १० प्रतिशत बाबु आमालाई छुट्याउनु पर्ने नीति लिइनेछ ।
१९. लागूऔषध दुर्व्यसनीमा परेकाहरुलाई सुधार गर्न सामुदायिक रुपमा सञ्चालन भएका पुनर्स्थापना केन्द्रलाई अनुदान तथा सहयोग गरिनेछ । त्यस्तो केन्द्रमा मनोसामाजिक विमर्श कर्ताको व्यवस्था गरिनेछ ।
२०. प्रत्येक घर धनीले घर (कार्यालय प्रयोजन), जग्गा भाडामा दिंदा सम्झौता अनिवार्य गर्ने व्यवस्था लागु गरिने छ । साथै सम्बन्धित वडामा यसको जानकारी दिनुपर्ने नीति लिइनेछ ।
२१. घरबहालमा बस्ने व्यक्तिहरुको सम्पूर्ण विवरणसहित लगत राखिनेछ ।
२२. सहि व्यक्तिलाई सहि समयमा सहि रकम प्रदान सामाजिक सुरक्षाको हाम्रो अभियान नारासहित आ.व २०७७/०७८ देखि चन्द्रागिरि नगरपालिकाबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ता विद्युतिय प्रणालिबाट वितरण गरिनेछ ।
२३. चन्द्रागिरि नगरपालिकाका सवै वडा कार्यालयको व्यक्तिगत घटना दर्ताका दर्ता किताव आगामी आ.व बाटै डिजिटाईजेसन प्रक्रिया सुरु गरिनेछ ।

२४. सवैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं व्यक्तिगत घटना दर्ता दशक सन २०१५-२०२४ सफल पारौ भन्ने अभियान सफल बनाउनका लागी सवै वडामा घटना दर्ता शिविर संचालन गरिनेछ ।

**ज) महिला तथा बालबालिकातर्फ :**

१. महिला र पुरुषको समान कामको लागि समान ज्यालाको व्यवस्था गरिनेछ ।
२. महिलाहरुको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट गरिने छ । महिला सामुहिक व्यवसाय दर्ता निशुल्क गरिनेछ । साथै महिलाहरुको नाममा घरनक्सा दर्ता निवेदन दस्तुरमा ५० प्रतिशत छुट दिइनेछ ।
३. महिलाहरुको विकासको निम्ति आवश्यकता अनुसारका रोजगार सिर्जना गर्ने क्षेत्रहरुमा विभिन्न तालिम कार्यक्रम आयोजना गरिनेछ ।
४. नगरको प्रत्येक कार्यपद्धतिमा महिला हक अधिकारलाई सुनिश्चित गरिनेछ ।
५. एकल महिलाको सुरक्षा, संरक्षण र रोजगारीमूलक तालिमलाई विशेष जोड दिइनेछ ।
६. हिंसा पीडित एवं नेपाल सरकारको मापदण्डमा परेका बौद्धिक अपाङ्गता भएका वालवालिकाका लागि सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
७. बालबालिकाको क्षमता विकासका लागि नगर बालकल्याण समितिसँग समन्वय गरी बाल क्लव, वडा बाल संरक्षण समिति, नगर बाल संरक्षण समिति र नगरस्तरीय बाल संजाल तयार गरिनेछ ।
८. नगरपालिकालाई बालमैत्री नगर बनाउन बालमैत्री स्थानीय शासन सम्बन्धी रणनीतिक योजनाअनुसार साझेदार संस्थाहरुको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।
९. लैंगिक समानता, सामाजिक समावेशीकरण, महिला सशक्तीकरणको माध्यमबाट महिलामाथि हुने घरेलु हिंसा तथा लैंगिक हिंसामा कमी गराई महिलाहरुको सीप विकास, अधिकारमा सचेतनावृद्धि र हरेक तहमा महिलाको नेतृत्व क्षमतामा वृद्धि गरिनेछ । सो कार्यका लागि मनोसामाजिक परामर्श पद्धतिको प्रयोग गरिनेछ ।
१०. बालश्रम निषेध गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
११. बालबालिका सम्बन्धी योजना तर्जुमा, बजेट र कार्यक्रम कार्यान्वयनमा बालसहभागितालाई प्राथमिकता दिइनेछ ।
१२. महिला हिंसाविरुद्धमा सचेतना अभिवृद्धि गरी दलित, अल्पसंख्यक, पछाडि परेका आदिवासी, जनजाति महिलालाई विकासको मूलप्रवाहमा सहभागिता वृद्धि गराइनेछ । लैंगिक हिंसा पीडितहरुको सहायताको लागि कोष स्थापना गरिनेछ । लैंगिक हिंसामा परेका महिलालाई सामाजिकीकरण तथा पुनर्स्थापनामा सहयोग गरी सम्मानपूर्वक जीवनयापनका लागि सुरक्षित घरको व्यवस्था गरिनेछ ।
१३. महिला सहकारीहरुको संख्यात्मक र गुणात्मक वृद्धि गरी निम्न आय भएका, दलित, आदिवासी, जनजाति, उपेक्षित महिला, एकल महिलाहरुको सहकारीमा प्रतिनिधित्व हुने अवसर प्रदान गरिनुका साथै त्यस्ता सहकारीहरुलाई विशेष कार्यक्रम दिइनेछ ।
१४. विकासमा युवा सहभागिता नीति अनुरुप मूलप्रवाहबाट बहिष्करणमा परेका किशोरीहरुलाई सीप विकासमा जोड दिइने छ ।
१५. उद्यमी महिलाहरुको लागि प्रमाण पत्र (शैक्षिक/अन्य) राखेर ऋण दिन सिड मनि/स्वरोजगार कोषको व्यवस्था गरिनेछ ।
१६. "एक महिला एक सीप" का अवधारणा अनुरुप सिकेको सीपमा नै दक्ष बनाउँदै लगिनेछ ।
१७. बालबालिकाहरु शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई आत्मसात गर्दै उनीहरुको बालापनको संरक्षण गर्न बालविकास केन्द्रहरुको स्थापना गर्नुका साथै उनीहरुभित्र रहेका सीप कला र प्रतिभाहरुको विकास गर्ने विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८. बालबालिकालाई नैतिक मूल्य मान्यतामा रहन नगरको निर्दिष्ट लक्ष्य हासिल गर्न बालबालिका केन्द्रित कार्यक्रम संचालनमा ल्याइनेछ ।
१९. सवै वडा कार्यालय र नगर कार्यपालिकाका कार्यालयमा स्तनपान कक्ष स्थापना गरिनेछ ।
२०. सडकमा रहेका मानव तथा वालवालिकाको उद्धार तथा पूर्नस्थापनामा प्राथमिकता दिइनेछ ।
२१. **"नवजात शिशुसंग महिला सदस्यको पहिलो भेट"** कार्यक्रम संचालन गरिनेछ ।

**झ) जेष्ठ नागरिक तथा अपाङ्गतर्फ :**

१. नगरपालिकाभित्र सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री बनाउन विशेष जोड दिइनेछ ।
२. जेष्ठ नगरिकहरुको मनोबल उच्च राख्न जेष्ठ नागरिक सम्मान, अनुभवग्रहण तथा देशदर्शनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
३. जेष्ठ नागरिकलाई आफ्नो घरमा सुरक्षित रहने वातावरण तयार पार्न चेतना अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
४.जेष्ठ नागरिकहरुका लागि दिवासेवा केन्द्रको स्थापनालाई निरन्तरता दिईनेछ । जेष्ठ नागरिक भवन निर्माण भैसकेकालाई व्यस्थापन गरिनेछ ।
५. सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिका पँहुचमा बृद्धि गरिनेछ ।
६. यातायात कम्पनीहरुको सहकार्यमा जेष्ठ नागरिकहरुको लागि अधिकतम विशेष सहुलियत दरमा यातायात सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।
७. अपाङ्गता भएका व्यक्तिका अभिभावकलाई मनोसामाजिक परामर्श तथा सीपमूलक तालिम र रोजगारमूलक कार्यक्रम दिलाइनेछ ।
८.अपाङ्गता भएका व्यक्तिहरुलाई अभिमुखीकरण सहज वातावरण र सीप उपयोगको माध्यमबाट समाजमा सम्मानपूर्वक जीवनयापनको वातावरण सृजना गरिनेछ ।
९. अपाङ्ग, अशक्त, असहाय सीमान्तकृत समुदायको स्तरोन्नति र विकासका लागि उचित व्यवस्था गरिनेछ ।
१०. अपाङ्गहरुप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याई शिक्षा र रोजगारीमार्फत उनीहरुलाई अन्य नागरिकहरु सरह सक्षम बनाउन विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
११. जेष्ठ नागरिक विश्रामस्थल निर्माणलाई निरन्तरता दिइनेछ ।
१२. सबै वडामा जेष्ठ नागरिक र अपाङ्ग मैत्री पार्क निर्माण गरिनेछ ।
१३. सामाजिक सुरक्षा भत्ता अशक्तका लागि घर-घरमा पुर्‍याइनेछ ।
१४. अपांगता भएका व्यक्तिले संचालन गरेको व्यवसाय दर्ता निशुल्क गरिनेछ ।

**ञ) पर्यटन, पर्यटकीय पूर्वाधार विकासतर्फ :**

१. 'ऐतिहासिक, साँस्कृतिक नगरि-समृद्ध पर्यटकीय चन्द्रागिरि' नारा अनुसार नगरपालिकालाई पर्यटकीय, साँस्कृतिक नगर बनाउने कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।
२. नगरपालिकाभित्र रहेका ऐतिहासिक, साँस्कृतिक बाजागाजा, जात्रापर्व, मठमन्दिर, गुम्बा, शिलालेख, ठ्यासःफुः, मूर्तअमूर्त सम्पदा आदिको संरक्षण तथा प्रवर्द्धनका लागि विविध साँस्कृतिक महोत्सवहरुको आयोजनाका साथै साँस्कृतिक संग्रहालयको स्थापना गरिनेछ ।
३. ऐतिहासिक, साँस्कृतिक बस्ती, स्थानहरुको पहिचानको निम्ति प्राचीन नाम सहितको लोकेशन म्याप सडक साईनबोर्ड राख्ने कार्यको थालनी गरिनेछ ।
४. "एक वडा एक उद्यान" कार्य अगाडि बढाइनेछ ।
५. नगर स्तरीय बर्डपार्क, बागबानी तथा भ्यूटावर आदिको विकास गरिनेछ ।
६. नगरको सीमानामा रहेका सार्वजनिक पार्कहरुलाई छिमेकी नगरपालिकाहरुसँग समन्वय गरी मितेरी पार्कको रुपमा विकास गरिनेछ ।

७. त्रिभुवन पार्क थानकोटलाई नगरपालिका मातहतमा ल्याई पूर्वाधार क्षेत्रमा विकास तथा सुधार गर्दै सोको संचालन गरिनेछ ।
८. ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको अभिलेखीकरण गरी पर्यटकीय नगर बनाई पर्यटकीय नगरी घोषणा गरिनेछ ।
९. मत्स्यनारायण, छापडाँडा, देउराली-भालेश्वर, बाडभञ्ज्याङ्ग, इन्द्रदह, पुल्डोल, कंकाली, टुसाल हुँदै तीनथाना भिराडिल साकूरा पार्क, बलम्वुको मुखियागाउँ हुदै रानिवन ईन्द्रदहसम्म हाइकिङ पदमार्ग व्यवस्थापन गरिनेछ ।
१०. सामुदायिक वनहरुको उचित संरक्षण सम्बर्धन र उत्पादनका लागि सामुदायिक वन उपभोक्ता समूहहरुसँग सहकार्य गरी वन पर्यावरणको कार्य अगाडि बढाइनेछ ।
११. मसिनेलाई इको सेनिटेशन र अर्गानिक होमस्टेको रुपमा विकास गरिनेछ ।
१२. स्थानीय समुदायको सहभागितामा संचालन हुने साहसिक पर्यटन उद्योगलाई सहजीकरण गर्ने नीति लिइनेछ ।
१३. "आफ्नो नगर बस्न लाग्छ रहर" नारासहित देश विदेशमा रहेका प्रतिष्ठित नागरिकहरुसँग समन्वय गरी पर्यटन लगानीमैत्री वातावरण बनाउन पहल गरिनेछ ।
१४. सामुदायिक वनहरुमा ग्रिनटेल, ट्रेकिङ रुट, साइक्लिङ रुटको व्यवस्था गरी पर्यटन उद्योगको विकास गरिनेछ ।
१५. नगरभित्र सम्भावना भएको पर्यटकीय क्षेत्र मापदण्ड निर्माण गरी सूचीकृत गरिनेछ ।
१६. त्रिवेणि, चुनदेवी, आदिनारायण, चन्दन भराटेश्वर, मातातीर्थ, मत्स्यनारायण, विष्णुदेवी लगायतका क्षेत्रहरुलाई धार्मिक पर्यटकीय क्षेत्र घोषणा गरी पर्यटकीय क्षेत्र विकासका लागि विशेष व्यवस्था गरिनेछ ।
१७. नगरको भित्र रहेका वैधानिक योग केन्द्र र योग आश्रमलाई योग पर्यटन केन्द्रको रुपमा विकसित गराइनेछ ।
१८. देवमती यक्षघाट-सखशीखर महादेव-इन्द्रदह काजी कालु पाँडे समाधिस्थल लगायतका ऐतिहासिक पैदलमार्गलाई पर्यटकीय पैदल मार्गको रुपमा विकास गरिनेछ ।
१९. १०० पर्यटकिय गन्तव्य मध्येको इन्द्रदह काजी कालु पाँडे समाधिस्थल क्षेत्रको पुर्वाधार विकासमा जोड दिईनेछ ।
२०. मसिने-न्यार्खाचौर (लगलगे)-गोर्खाली तेस्रोबाटो हुँदै पानीघाट पैदलमार्गको रुपमा विकास गरिनेछ ।
२१. केउरानी वन अन्तर्गत पंचकन्या मयलपानी (श्रीगाः) र बलम्वु हिर गाः लाई पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।
२२. मातातीर्थ-बतासेदुलो-वनमहालक्ष्मी स्थान-हुँदै दमारलाई पर्यटन पैदल मार्गको रुपमा विकास गरिनेछ ।
२३. संसारी मन्दीर, महाँकाल, राम लक्ष्मणले घुँडा धसेको स्थान हुँदै भालेश्वरसम्म पर्यटकीय पैदलमार्गको विकास गरिनेछ ।
२४. कुवापानी-बतासेदुलो-वनमहालक्ष्मी-जोगी थुम्का हुँदै वाइगनबाट देउराली पर्यटकीय पैदलमार्ग निर्माण गरिनेछ ।
२५. चन्द्रागिरि नगरस्तरीय पर्यटन वोर्ड स्थापना गरिनेछ ।
२६. चन्द्रागिरि नगरभित्र रहेका नयाँ पर्यटन गतव्यस्थलको खोजी गरी भौतिक पूर्वाधार विकासमा ध्यान दिइनेछ ।
२७. नेपाल एकीकरणको सिलसिलामा निर्मित दहचोक-नैकाप-तिनथानामा रहेका गढीहरु संरक्षण गरी युद्ध पर्यटन ट्रेल निर्माण गरिनेछ ।
२८. विभिन्न वडाहरुमा निर्माणाधिन आ-आफ्नो विशेषतायुक्त पार्कहरु वडा नं. ८ को आउटडोर व्यायाम सहितको मातातिर्थ पार्क र मातातिर्थ भ्यू पार्क, वडा नं. ३ र ४ को त्रिभुवन पार्क, वडा नं ६ को मातातिर्थ फन पार्क, वडा नं. १० को शहिद विष्णुलाल पार्क र सिम्चा पार्क, वडा नं

१२ को चुनदेवी पार्क र बलम्वु गलः चिल्ड्रेन पार्क, वडा नं १३ को मदन भण्डारी स्मारक पार्क, वडा नं. १४ को गणेशमान पार्क र अन्नपुर्ण व्यायाम पार्क, वडा नं. १५ को भिराडिल गल्छि साकुरा पार्क, वडा नं. ७ को वाणस्थली चिल्ड्रेन पार्क, वडा नं. ९ को बुद्ध पार्क टौखेल, वडा नं २ मसिनेको वेपत्ता योद्धा स्मृति पार्क र वडा नं. ५ को किसिपिडी फलैंचा पार्क लगायतका पार्कहरुको निर्माण कार्यलाई अगाडि वढाईनेछ ।

२९. शहिद विष्णुलाल प्रतिष्ठान र राम बहादुर प्रधान स्मृति संग्रहालय निर्माणमा सहयोग गरिनेछ ।

## ट) कृषि, पशुपंक्षि तथा वनतर्फ :

१. कौसी खेती र करेसा वारीको अवधारणालाई प्रभावकारी बनाउन जनचेतनामूलक कार्यक्रम गरिनेछ ।

२. जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरी दण्ड जरिवाना गरिनेछ ।

३. भूमि बैंकको नीति लिइनेछ ।

४. सामुहिक तरकारी, च्याउ, फलफुल खेतीको लागि जोड दिइनेछ ।

५. विषादीयुक्त कृषि व्यवसायलाई निरुत्साहित गरी अर्गानिक कृषकलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नगरबासिलाई सुविधा दिन “एक वडा एक सुपथ मूल्य पसल ”सञ्चालन गरिनेछ ।

७. व्यवसायिक पशुपंक्षी पालन कार्यलाई बढावा दिई मापदण्ड बमोजिम पशुपालन गर्न प्रोत्साहन गरिनेछ ।

८. पशु तथा पंक्षि पालन, पशुव्यवसायको सुचीकृत गरी सञ्चालनमा ल्याइनेछ ।

९. न.पा. क्षेत्रभित्र रहेको पशुवधस्थल तथा मासु पसलहरुले अनिवार्य रुपमा नगरपालिकाबाट स्वीकृति लिई तोकिएको मापदण्ड पूरा गरी मात्र व्यवसाय गर्न दिइनेछ । मापदण्ड विपरीत सञ्चालन गर्नेलाई कारवाही गरिने र सोको लागि अनुगमन कार्यलाई तिव्रता दिइनेछ । मापदण्ड विपरीत वा स्वीकृति नभएका पसललाई दण्डित गरी अस्वस्थकर मासु खरीद नगर्न नगराउन जनमानसमा चेतनामूलक कार्यक्रमको सुरुवात गरिनेछ।

१०. सामुदायिक वनभित्र रहेका गैरकाष्ठ वनपैदावार अमूल्य सम्पदा (जडिबुटी आदि) बाट आयआर्जन हुने व्यवस्था तथा सामुदायिक वनलाई अझ प्रभावकारी पार्न हाल रहेको सामुदायिक वन उपभोक्ता समितिहरुलाई थप सक्रिय पार्न अभिमुखीकरण कार्यक्रम ल्याइनेछ ।

११. वन सीमा अतिक्रमण कार्यलाई पूर्णतः नियन्त्रण गर्न वन उपभोक्ता समिति तथा स्थानीयहरुसँग सहकार्य गरी अगाडि बढाइनेछ ।

१२. नगरपालिका क्षेत्रभित्र फलफुल सहितको वृक्षरोपण कार्यक्रमको कार्य थालनी गरिनेछ ।

१३. नगरपालिका क्षेत्रका सडक मध्ये कम्तीमा १० प्रतिशत सडक पेटीमा बिरुवा रोप्ने कार्य अगाडि बढाइनेछ।

१४. सार्वजनिक सरकारी जग्गाको रेखांकन गरी सो जग्गा अतिक्रमण हुन नदिन सार्वजनिक सरकारी जग्गामा ट्याग सहितको संकेत राख्ने कार्यको थालनी गरिनेछ ।

१५. कृषि उपज उत्पादनमा वातावरण अनुकूल रसायनको मात्रै प्रयोग गर्न प्रेरित गर्ने प्रकृतिका कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. सबै रैथाने चराचुरुङ्गीहरुलाई बासस्थानको लागि नक्सा पास गर्दा घरमा कम्तीमा ४ वटा प्वाल बनाउनु पर्ने नीति लिईनेछ ।

१७. छाडा पशुलाई नियन्त्रण गरी कान्जी हाउसमा राखिनेछ । निजी तथा व्यवसायिक रुपमा पालिएका पशुपंक्षीलाई अभिलेखीकरण गरिनेछ । मरेका पशुपंक्षीहरुको व्यवस्थापनका लागि प्रत्येक वडामा बायोलोजिकल पिट निर्माण गरिनेछ ।

१८. ‘गोठ देखि ओठसम्म’ कार्यक्रम सञ्चालन गरी स्वस्थ र स्वच्छ उपभोक्ता तयार गरिनेछ । दुग्ध संकलन केन्द्र स्थापना गरिनेछ ।

१९. पशु क्वारेन्टाइन चेक जाँच सुरु गर्न पहल गरिनेछ ।

२०. छाडा कुकुरलाई नियन्त्रण गरिनेछ । कुकुर तथा गाईवस्तुहरुलाई दर्ता गरि नियमित गरिनेछ, कुकुर र वस्तु छाडा छाड्ने व्यक्तिलाई जरिवाना गरिनेछ ।

२१. पशु तथा कृषि बीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. व्यवसाय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
२३. नगरभित्र फलफूल, गोलभेडा, तरकारी एवं कृषिजन्य बस्तु उत्पादनमा जोड दिई कृषकलाई उत्पादित बस्तुको बजारमा सहज पहुँचका लागि हरेक वडामा कृषकको पहुँचमा आधारित स्थानीय कृषि बजार स्थापना गरिनेछ । मूल्यसूचिको लागि डिजिटल एप्सको व्यवस्था गरिनेछ ।
२४. किसानलाई वर्गीकरण गरी प्रोत्साहन गर्न कृषि सामग्री, विउविजन, जैविक मल, जैविक विषादी, उत्पादनका लागि कृषि औजार तथा मेसिनरी न्यायोचित वितरणका साथै प्राविधिक तथा आर्थिक अनुदानमा आधारित कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
२५. नगरस्तरीय माटो, मल, विउविजन, विषादी, रोग जाँच प्रयोगशालाको व्यवस्था गरिने छ ।
२६. 'खेतीबारी क्लिनिक' कार्यक्रम संचालन गरिने छ ।
२७. कृषि अनुसन्धान केन्द्र तथा कृषि पार्क निर्माण गरिने छ ।
२८. नगरपालिका क्षेत्र भित्र (कृषि) तरकारी खेती, पशुपालन एवं उद्योग, व्यापार व्यवसायको लगत संकलन गरिने छ ।
२९. नगर भित्रको १५ वडालाई ५ वटा विभिन्न पकेट क्षेत्र, पशुपालन, फलफूल, तरकारी, च्याउ, मासु, दुध उत्पादन क्षेत्रमा विभाजन गरी उत्पादनमा विशेष सहुलियत प्रदान गरिने छ ।
३०. कृषि तथा व्यवसायिक खेतीको लागि किसानहरुलाई सुलभ ब्याजदरमा कर्जाको व्यवस्था गरिने छ ।
३१. कृषकहरुलाई उन्नत विउ विजन, आधुनिक कृषि औजार, सुपथ मूल्यको मलखाद, भण्डारण, विक्री केन्द्रको व्यवस्था गरिने छ ।
३२. रैथाने विउविजनको सुरक्षाको निमित्त कृषकहरुलाई प्रोत्साहन गरिनेछ । स्थानीय विउ विजनको संरक्षणको लागि आर्थिक अनुदानको व्यवस्था गरिने छ ।
३३. च्याउ नगरको रुपमा विकास गर्न बलम्बु र ख्वाङलाङलाई प्राथमिकतामा राखिने छ ।
३४. च्याउ किसानको हितलाई प्राथमिकतामा राखेर नगर स्तरिय च्याउ संकलन तथा विक्री केन्द्र स्थापना गरिने छ ।
३५. चन्द्रागिरि नगरपालिकालाई च्याउ अध्ययन तथा अनुसन्धान केन्द्रको रुपमा विकास गर्न विशेष पहल गरिने छ ।
३६. सामुदायिक वन भित्र पर्यापर्यटनको बहुआयामिक कार्य गर्न विविध योजना उपभोक्ता समूहरुसँग समन्वय गरी अगाडि बढाइने छ ।
३७. चरा अध्ययन केन्द्र, जडिबुटी संकलन, मिनि चिडियाघर, साइडसिन, पैदलमार्गलगायतका गतिविधि सामुदायिक वनमा गरिने छ ।
३८. सामुदायिक वन बिधान तथा कार्य योजना परिमार्जन गरिने छ ।
३९. व्यवसायिक कालिज, टर्की पालनलाई प्रोत्साहन गरिने छ ।
४०. सामुदायिक कम्पोष्ट मल बनाउने उपभोक्ता समूह, कृषक समूह, संघ/संस्थालाई आवश्यक प्रोत्साहनको व्यवस्था गरिने छ ।
४१. सामुहिक कृषि तथा पशुपालन गर्नेहरुलाई विशेष अनुदानको व्यवस्था गरिने छ ।
४२. कृषिमा दिईने अनुदानलाई उत्पादन र रोजगारीको आधारमा दिने गरी कार्यविधि तयार गरिने छ ।
४३. कृषि उत्पादनलाई बजारी करणका लागि प्रत्येक वडामा कम्तीमा २ वटा कृषि उत्पादन बिक्रीस्थल तोकी व्यवस्थित गरिने छ ।
४४. माटोरहित प्रविधिको तरकारी खेतीको प्राविधिक सहयोगसहित तालिम संचालन गरी स्वरोजगारको अवसर प्रदान गरिने छ ।
४५. कृषि उपज भण्डारणका लागि सितभण्डारणको व्यवस्था गरिने छ ।
४६. चन्द्रागिरिलाई गोब्रे, कन्ये, सिताकेलगायत च्याउ हवको रुपमा विकास गरिने छ ।
४७. एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरिनेछ ।
४८. व्यवसायिक पशुपालन, तरकारी खेती (गोलभेडा, च्याउ अन्य) गर्नेलाई प्रोत्साहन स्वरुप मासिक १ हजार रुपैयाँ अनुदान दिने र सोमा लाग्ने कर मिनाहा गरिने छ । यसको लागि कृषक पहिचान कार्यविधि बनाइने छ ।
४९. एक कार्यविधि बनाई कृषक पहिचान गरी किसानलाई नगरस्तरीय किसान परिचय पत्र वितरण गरिने छ ।

५०. वन सीमा अतिक्रमण कार्यलाई पुर्णतः नियन्त्रण गर्न वन उपभोक्ता समुहहरुसंग सहकार्य गरिनेछ ।

## ठ) संस्थागत सुशासन, सूचना तथा सेवा प्रवाहतर्फ :

१. सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी र विश्‍वसनीय बनाउँदै सुशासन कायम राख्न नागरिक वडापत्र, सार्वजनिक सुनवाई, सामाजिक परिक्षण, गुनासो सुन्ने र सूचना प्रवाहीकरणलाई प्रभावकारी बनाइदै सार्वजनिक सूचनाद्वारा जनतामा पारदर्शी गरिने छ ।

२. योजना अनुगमन तथा सुपरिवेक्षण कार्यलाई सक्रिय तथा थप विश्‍वासिलो बनाइने छ । यस कार्यक्रमा कार्यपालिकाका सदस्य र नगर सभा सदस्यहरुलाई थप जिम्मेवार बनाइने छ ।

३. नगर सूचना केन्द्र तोकी व्यवस्थित गरिने छ ।

४. सबै प्रकारका सेवा प्रवाहलाई आधुनिकीकरण गर्न विद्युतिय प्रणाली अवलम्वन गरिने छ । विद्युतीय नागरिक वडा पत्र तथा हाजिरी प्रणालिको विकास गरिने छ ।

५. CCTV जडान, IT मैत्री कार्य प्रणाली, वडा नगर नेटवर्किङ्ग, नगर मोवाइल एप्स, अनलाईन घरनक्शा पास प्रणाली (E.B.P.S.) र Online Service का साथै नागरिक सुचना प्रणालीमा जोड दिइने छ ।

६. कर्मचारी एवं जनप्रतिनिधिहरुको क्षमता र नेतृत्व विकास गरिने छ, अवलोकन भ्रमणको माध्यमबाट अनुभव आदानप्रदानको नीति लिईनेछ ।

७. सुशासन प्रवर्द्धन कार्यक्रमहरुमा संचार प्रणाली उपयोगमा जोड दिइने छ ।

८. प्रशासनिक एवं संगठनात्मक संरचना तथा कार्य प्रणाली सरल तथा चुस्त बनाइने छ ।

९. सानातिना मुद्दाहरुलाई वडास्तरमै फछ्यौंट गर्नका लागि न्यायिक समिति मातहत रहने गरी वडा स्तरिय मेलमिलाप केन्द्र गठन गरिने छ ।

१०. छिटो छरितो र निष्पक्ष न्यायमा जनताको पहुँच सुनिश्‍चित गर्न नगर न्यायिक समितिको क्षमता अभिबृद्धिका विभिन्न कार्यक्रम तर्जुमा गरि लागु गरिने छ ।

११. सबै नागरिकको मानव अधिकार सुनिश्‍चित गर्न 'घरघरमा मानव अधिकार, जनजनमा स्थानीय सरकार' कार्यक्रम मार्फत न्यायको प्रत्याभुति गराइने छ ।

१२. सरकारी सेवा सुविधा लिएकालाई समाजवादोन्मुख आचरण निर्माण गर्न वर्षको एकसय घन्टा विज्ञान सम्मत सकारात्मक नैतिक आचरणसम्बन्धी गोष्ठी कार्यशालामा सामेल हुनुपर्ने छ । सो कार्यको लागि विभिन्न फरक स्थानलाई कार्यशालाको रुप दिइने छ ।

१३. नीति तथा कार्यक्रमलाई सम्पन्न गर्न सम्पूर्ण जनप्रतिनिधिहरु सक्रिय हुने स्वरुपको वडा विशेष टोली बनाई परिचालन गरिने छ ।

१४. मेलमिलापकर्ता नभएका वडाहरुमा मेलमिलाप सम्बन्धी तालिम सञ्चालन गरिने छ । नगरमा सूचिकृत भई सकेका मेलमिलापकर्ताहरुलाई पुर्नताजगी तालिम सञ्चालन गरिने छ ।

१५. नगरपालिमा निर्माण भएका ऐन, कानून, कार्यविधिहरुको सम्बन्धमा स्थानीय जनप्रतिनिधिहरु, कर्मचारीहरु, मेलमिलाप कर्तालाई अभिमुखिकरण गरिने छ ।

१६. भ्रष्टाचार मुक्त नगरपालिका बनाइने छ ।

१७. नगरभित्रका उद्योग, संघसंस्था, शैक्षिक क्षेत्र लगायतमा नेपाल सरकारले तोके बमोजिम न्यूनतम पारिश्रमिक लागु भए नभएको हेर्न अनुगमन समिति बनाइ कार्यान्वयन गरिने छ ।

१८. साँगठनिक दरबन्दी परिक्षण (ओ.एन.एम.) गरी चन्द्रागिरि न.पा.र सबै वडामा आवश्यक दरबन्दीको आवश्यकता पहिचान गरेर मात्र कर्मचारीहरुलाई काममा खटाउने बढी भएका कर्मचारीलाई सम्बन्धित निकायमा फिर्ता पठाउने नीति अवलम्बन गरिने छ ।

१९. नागढुंगा सुरक्षा जाँचलाई अति व्यवस्थित र मर्यादित बनाउन प्रविधि युक्त हाईटेक सुरक्षा चेक पोष्ट निर्माण गर्न सम्बन्धित पक्षसँग सहकार्य गरी प्रक्रिया अगाडि बढाइने छ ।

२०. नगरपालिका भित्रका अव्यवस्थित विज्ञापनका होर्डिङ बोर्डहरुलाई नगरपालिकाको मापदण्डअनुसार व्यवस्थित गरी डिजिटल होर्डिङ बोर्डलाई प्राथमिकता दिइने नीति अबलम्बन गरिने छ ।

२१. "किसान संग प्राविधिक" नारालाई साकार पार्न कृषि शाखा र पशु शाखाको क्षमता वृद्धि गरी क्रियाशिल वनाईने छ ।
२२. नगर प्रहरीको व्यवस्था गरिनेछ ।
२३. कर्मचारीहरुको कार्यसम्पादनको आधारमा पुरस्कृत र दण्डित गरिनेछ ।

**ड) आन्तरिक आय र राजश्व प्रवर्द्धन तथा परिचालनतर्फ**

१. चन्द्रागिरि नगरपालिका अन्तर्गतको स्थानीय सरकारले बनाएका प्रचलित कानूनले प्रदान गरेको अधिकार र कर्तव्यको पूर्ण पालना गरी दिगो र भरपर्दो आयका श्रोतहरुबाट राजश्व संङ्कलन गरी समूचित परिचालन गरिनेछ ।
२. प्रभावकारी आर्थिक सूचना प्रणालीको विकास गर्दै स्वच्छ राजश्व प्रणालीको निर्माणका अतिरिक्त उत्तरदायी, पारदर्शी एवम् व्यवसायिक राजश्व प्रशासनको संस्थागत विकास मार्फत राजश्व चुहावटको नियन्त्रण गरिनेछ ।
३. नयाँ राजश्वका क्षेत्रहरुको पहिचान गरी राजश्व दरहरुलाई समयसापेक्ष बनाउँदै स्थानीय राजश्वका दायरालाई बढाइनेछ ।
४. स्थानीय स्तरमा दर्ता तथा नविकरण नभएका वा हुन नचाहेका पेशा व्यवसायीहरुलाई राजश्वका दायरामा ल्याउनका लागि नगर क्षेत्रभित्र रहेका सबै प्रकारका पेशा व्यवसायहरुमा राजश्व अनुगमनलाई तिव्रता दिईनेछ । साथै त्यस्ता पेशाव्यवसायीहरुलाई राजश्वको दायरामा आउनको लागि उत्प्रेरित गर्ने हेतुले नगरपालिकाबाटै टोलटोलमा घुम्ती सेवा संचालन गरिनेछ ।
५. स्थानीय सरकारको आवश्यकता र औचित्यताका आधारमा राजश्वका दरहरुलाई समयसापेक्ष परिमार्जित गरी राजश्वका दायरा बढाउने नीति लिइनेछ ।
६. राजश्व चुहावटलाई प्रभावकारी रुपमा नियन्त्रण गर्नको लागि कर तिर्न अटेर गर्नेलाई दण्ड जरिवाना तथा नियमित कर तिर्नेलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।
७. चन्द्रागिरि नगरपालिका र अन्तर्गतका वडा कार्यलयहरुको राजश्व क्षेत्रमा कार्यरत कर्मचारीहरुको राजश्व सफ्टवेयर संचालन क्षमता अभिवृद्धि गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
८. प्रत्येक वडा कार्यालयहरुमा राजश्व श्रोतको विविधिकरण तथा वार्षिक लक्ष्य निर्धारण गरिनेछ ।
९. कर संकलन तथा करदाता शिक्षा अभियान मार्फत स्थानीय कर, सेवा शुल्क, दस्तुर, दण्ड/जरिवाना र अन्य शुल्क सम्बन्धी जानकारी गराउन प्रत्येक वडा कार्यालयहरुमा करदाता शिक्षा कार्यक्रम लागु गरिनेछ । त्यसको लागि आवश्यक स्टिकर, पम्पलेट, लिफलेट तथा माइकिङ्गको माध्यमबाट सुसूचित गरिनेछ ।
१०. राजश्व संकलनमा आइपर्ने बाधा अडचनलाई न्यूनीकरण गर्दै राजश्व अभिवृद्धिमा प्रभावकारिता ल्याउन राजश्व चुहावट भएका क्षेत्रहरुमा गस्ती गर्न सम्बन्धित कर्मचारीहरु र नगर प्रहरीलाई परिचालन गरिनेछ ।
११. नगरपालिकाको राजश्वको आम्दानी र खर्चको फेहरिस्त दुरुस्त गराई राख्नको लागि प्रत्येक वडा कार्यालयहरुलाई दैनिक आम्दानी र खर्चको विवरण प्रविधिको माध्यमबाट अद्यावधिक गर्न अनिवार्य गरिनेछ ।
१२. नगरपालिकाको राजश्व अभिवृद्धि गर्नको लागि सम्बद्ध निकायहरुसँग समन्वय गर्ने तथा नगरक्षेत्र भित्रका व्यापारी, उद्योगपति, विभिन्न किसिमका व्यवसायी तथा करदाताहरुसँग छलफल गर्ने व्यवस्था मिलाई राजश्व अभिवृद्धि र व्यवस्थापन कार्यलाई उत्प्रेरित गरिनेछ ।
१३. राजश्व शाखाबाट उपलब्ध हुने सेवाहरुलाई सरल, सहज, चुस्त, दुरुस्त, पारदर्शी र मितव्ययी बनाउन अधिकतम रुपमा प्रविधिको प्रयोग गरिनेछ । साथै राजश्व सङ्कलन एवं असुली सम्बन्धमा सम्पन्न गर्नुपर्ने कार्यहरुको निरीक्षण, अनुगमन, अध्ययन, विश्लेषण गर्नुका साथै सुझाव समेत सङ्कलन गरी राजश्व क्षेत्रको सुधारका लागि कार्ययोजना तयार गरिनेछ ।

१४.राजश्व सङ्कलन एवं असुली सम्बन्धमा छलफल, अन्तर्कृया, गोष्ठी, सेमिनार आदिको आयोजना गरी नियमित र तोकिएको समय भित्र कर तिर्ने प्रत्येक करदाताहरुलाई "समयमा नियमित कर तिर्नु भएकोमा हार्दिक धन्यवाद" को हरियो स्टिकर प्रदान गरी उत्प्रेरित गराईनेछ।

१५.राजस्व परिचालनमा उत्कृष्ट देखिएका स्थानीय तहहरुबाट भएका कार्यहरुको अनुभव आदान( प्रदान गरी त्यस्ता स्थानीय तहहरुले लागु गरेका सकरात्मक पक्षहरुलाई हाम्रो नगरपालिकामा पनि कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ।

१६. सेवाग्राहीहरुलाई नगरपालिकाको राजश्व सम्बन्धी जानकारीको लागि नगरपालिकाको कार्यालयमा डिजिटल डिस्प्लेको स्थापना गरी २४सैं घण्टा डिजिटल सूचना प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

१७. चन्द्रागिरि नगरपालिकामा रहेका पेशा व्यवसायीहरुलाई करदाता संङ्केत नं. अनिवार्य गर्ने व्यवस्था मिलाई राजश्व सफ्टवेयर तथा मोवाईल एप्समा समेत लिङ्क गरिनेछ।

१८.स्थानीय राजश्वको बारेमा सूचना प्रदान गर्न र सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाई घरमै बसीबसी सेवा लिनसक्ने प्रणालीको विकास गरी "चनपा राजश्व प्रणाली" नामको मोवाईल एप्स बनाई लागु गरिनेछ।

१९. वडा कार्यालयहरुबाट सेवाग्राहीहरुलाई अनिवार्य करचुक्ता प्रमाणपत्रका आधारमा सेवा प्रवाह गर्ने निति लिइनेछ।

२०.आ.व ०७६/७७ को कर तिर्न बाकि रहेका करदातालाई २०७७ पौष मसान्तसम्म कर तिर्दा जरिवाना नलिने र कोभिड १९ को प्रभावको कारण क्षति न्यूनिकरण गर्न आगामी आ.व ०७७/७८ को करमा २५ प्रतिशत छुट दिने निति लिइने छ।

**ढ) सम्पदा, इतिहास तथा सँस्कृति संरक्षणतर्फ :**

१. लोककला, लोक साहित्य र इतिहासलाई केन्द्र विन्दुमा राखि नगरको कार्यक्रम अगाडि बढाइने छ।

२. आदिवासी जनजातीहरुको परम्परागत सीप तथा पेशालाई आधुनिकिकरण गर्दै नयाँ सीप तथा रोजगारिका निम्ति अभिप्रेरित गरिने छ।

३. भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक धरोहरहरुको पुनःनिर्माण तथा मर्मतका लागि सम्बद्ध निकायमा समन्वय गरी सहकार्य गरिने छ।

४.नगरस्तरीय पर्वजात्रा सञ्चालन समिति बनाइ सो द्वारा वडाहरुमा ऐतिहासिक रुपमा नियमित स्थानिय निकायको सहयोगमा सञ्चालन भइरहेका परम्परागत तथा लोपोन्मुख जात्रापर्व सूचिकृत गरी जात्रापर्व संचालनको लागि उपलब्ध गराउदै आएको पर्व सञ्चालन खर्चलाई निरन्तरता दिइने छ।

५. मठ, मन्दिर, गुम्बा, पाटीपौवा, भजन मण्डल, गुठी आदिको जग्गा अभिलेखिकरण गरी गृह पाहुना कार्यक्रम सञ्चालन गरिने छ।

६. ऐतिहासिक तथा साँस्कृतिक प्रोफाईल तयार गरी प्रचारप्रशार गरिने छ।

७.नगरपालिका क्षेत्र भित्र रहेको पौराणिक महत्व वोकेको विभिन्न मठ मन्दिरहरुमा नित्य पुजा सञ्चालन हुने व्यवस्था मिलाइने छ।

८.विभिन्न विकास निर्माणको काम गर्दा ऐतिहासिक तथा साँस्कृतिक स्थान वा सो नजिक पर्न गएमा आवश्यक परामर्शद्वारा निर्माण कार्य गरिने छ। सो कार्यका लागि परामर्श दाता राख्ने नीति लिइने छ।

९. इतिहास तथा साँस्कृतिक वैभव झल्काउन प्रचारात्मक कार्यक्रमअन्तरगत नगर सम्पदा कार्यक्रम तय गरी (प्राचिन शिलालेख, मूर्ति, मुद्रा, हस्तीमार्ग, पोखरी, इनार, कुवा, हिटी, ठ्यासफुलगायत मूर्तअमूर्त सम्पदा) विविध सम्मेलन कार्यक्रम आयोजना गरिने छ। ति सम्पदाहरुको संरक्षणमा विशेष ध्यान दिईने छ।

१०. सम्पदा क्षेत्र कार्यक्रमलाई कार्यान्वयनमा ल्याउन कार्यविधि तयार गरी निर्माणमा प्याकेजमा सहयोग गरिनेछ ।
११. नगरस्तरीय सांस्कृतिक संग्रहालयको स्थापना गरिनेछ ।
१२. लिपि, भाषा संरक्षण र जर्गेना गर्ने कार्यक्रम तत्काल संचालनमा ल्याइने छ ।
१३. ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय कार्य गर्न विभिन्न वैदेशिक राष्ट्रहरुका नगरसँग भगेनी सम्बन्ध स्थापना गरिने छ ।
१४. साहित्य, कला र संगीत (साकस) प्रतिष्ठान गठन र भवन निर्माण गरी गतिविधि अगाडी बढाउने छ ।
१५. इतिहास, सँस्कृति, पर्यटनलगायत सम्पदाको प्रचारप्रशार गर्न कम्पनीको उद्देश्यमै इतिहास, सँस्कृति लगायतको खोजमुलक कार्य गर्ने जनिएको मिडियासँग मिडिया पाट्नरको रुपमा कार्य गरिने छ ।
१६. नगरभित्र साहित्यको उत्थानको लागि साहित्यकारहरुलाई प्रोत्साहन गरिने छ । यसको लागि नगरस्तरीय साहित्यिक गतिविधि संचालनमा ल्याइने छ ।
१७. चन्द्रागिरिका साहित्यकारहरुको अभिलेखीकरण गरी उहाँहरुको योगदानलाई जीवन्त राख्ने गतिविधि अघि बढाइने छ ।
१८. साहित्यक पत्रपत्रिकालाई प्राथमिकताका साथ संचालनमा ल्याउन साहित्य समूहलाई विशेष प्रोत्साहन दिइने छ ।
१९. चन्द्रागिरि नगरपालिकाको समग्र ईतिहास, साँस्कृतिक सम्पदा (मुर्त-अमुर्त सम्पदा) झल्काउने नगरस्तरीय एक म्यूजियम स्थापनाको लागि एक सम्भावना अध्ययन गरिने ।

**ण) आर्थिक विकास तर्फ :**

१. "कृषिमा भर परी आर्थिक विकास र रोजगारी" कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धी गर्ने स्पष्ट मार्ग चित्रका साथ आगामी आर्थिक वर्ष देखी कृषि आधुनिकिकरण परियोजना कार्यन्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।
२. पशुपंक्षीजन्य उत्पादनका लागि अभिमुखिकरण तालिम कार्यक्रम सञ्चालन गरी पशुपालनलाई व्यवसायिकरण गर्न किसानहरुलाई प्रोत्साहन गरिने छ ।
३. लघु तथा घरेलु उद्योगहरुलाई प्रवद्धन गर्ने कार्यक्रम अन्तर्गन सचेतना, सीप विकास, उपयुक्त प्रविधि बजार विकास जस्ता क्रियाकलापहरु सञ्चालन गरिनेछ । साथै स्थानीय, साधन र सीपको आधारमा स्थानीय माग अनुसार बस्तु उत्पादन गर्न आवश्यक प्रविधि व्यवस्थापन र बजार प्रवर्द्धनमा क्षमता विकास गरिने छ ।
४. आन्तरिक तथा बैदेशिक रोजगारीका लागी सिपयुक्त जनशक्ति तयार गर्न युवा स्वरोजगार तालिमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
५. "पर्यटन क्षेत्रको सुधार आर्थिक उन्नतीको आधार" लाई साकार तुल्याउन पर्यटन विकासलाई विशेष प्राथमिता दिइनेछ । यसका लागि नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र पर्यटकीय मार्ग तथा पर्यटकीय क्षेत्रमा आवश्यक पुर्वाधारको उचित व्यवस्था गरिने छ ।
६. सहकारीहरुलाई सहकारीको मर्म र भावना अनुरुप सामाजिक उत्तरदायित्व बहन गराउँदै नगरवासीको हित हुने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनुका साथै नियमित अनुगमन तथा समन्वय गर्दै सहभागिता मूलक विकास कार्यक्रममा संलग्न गराइने छ ।
७. 'एक टोल एक वैद्य' नीतिद्वारा आर्थिकोपार्जनको कार्य गरिने छ ।
८. नगर क्षेत्रभित्र घरेलु तथा कुटिर उद्योगग्राम स्थापना गरी सो क्षेत्रमा औद्योगिक पूर्वाधार विकास गरिने छ । महिला, अपाङ्ग तथा लैङ्गिक अल्पसंख्यक उद्यमीको स्वामित्वमा संचालित घरेलु उद्योगलाई ५० प्रतिशत कर छुट गरिने व्यवस्था मिलाउने छ ।
९. उद्योग व्यवसायीहरुलाई नगर क्षेत्रमा आकर्षित गराउने र लगानी मैत्री वातावरण बनाउन लगानी सम्मेलन गरिने छ ।

१०. स्थानीय कच्चा पदार्थमा आधारित श्रम मूलक उद्योगहरुलाई विशेष सहुलियत प्रदान गर्दै स्थानीय उत्पादनको लागि बजार प्रवर्द्धन गरिने छ । स्थानिय पेय पदार्थ उत्पादन, उत्पादित बस्तुको गुणस्तर जाँच गरी बिक्री वितरणलाई नियमन गरिने छ । त्यस्तै छालाजुत्ता, मखमल जुत्ता, कपडाको टाई डाई, हस्तकला परम्परागत व्यवसाय जस्तै भाँडाकुँडा चोयाका सामाग्री बनाउने आदि सम्बन्धी उत्पादन र बजार व्यवस्थापनलाई प्रोत्साहन गरिने छ ।

११. मर्यादित कामको सिर्जना उद्यमशीलता, रचनात्मकता र नविनतालाई सघाउने विकास नीतिहरुलाई प्रवर्धन गर्ने र वित्तिय सेवाहरुमा पहुँच लगायत लघु, साना तथा मझौला कुटिर उद्योगको वृद्धिलाई प्रोत्साहन गरिने छ ।

१२. बैंकिङ्ग, बीमा तथा वित्तीय सेवामा सबैको पहुँच विस्तार र प्रोत्साहन गर्न स्थानीय वित्तिय संस्थाहरुको क्षमता अभिवृद्धि  गरिने छ ।

१३. औद्योगिक प्रतिष्ठानलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न श्रम बजार मिल्दो एकीकृत तालिम नीति अवलम्बन गरिने छ ।

१४. रोजगारी सिर्जना हुने खालका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिइने छ ।

१५. सहकारी संस्थालाई नागरिकको आर्थिक उत्पादकत्वबृद्धि गराउने कार्यमा संलग्न गराइने छ ।

१६. नगदरहित कारोबारका लागि व्यापारीहरुलाई Swap machine/Debit card/Credit Card को प्रयोग बढाउन जानकारी मुलक कार्यक्रम संचालन गरिने छ ।

१७. सहकारी संस्थाहरुलाई सदस्यहरुप्रति उत्तरदायी, जवाफदेही, पारदर्शी र प्रजातान्त्रिक बनाउन त्रैमासिक विवरण प्रकाशनमा अनिवार्य व्यवस्था गरिने छ ।

१८. विकास निर्माण/स्वरोजगार कार्यक्रममा सहकारीलाई जोड्नका लागि सहकारीलाई बर्गिकरण र स्तरीकरण गरी संचालन मापदण्ड तयार गरी लागु गरिने छ ।

१९. 'एक घर एक रोजगार' कार्यक्रम लागु गरिने छ ।

२०. चन्द्रागिरि नगरपालिकामा नगरवासीको स्तर उन्नतिको लागि स्वास्थ सामाग्री हेण्ड स्यानेटाइज, मास्क तथा स्यानेटरी प्याड आदि निर्माणका लागि उद्योग स्थापनालाई प्रोत्साहन गरिने छ ।

२१. आर्थिक कारोवारमा बिद्युतीय भुक्तानी प्रणालीलाई उच्च प्राथमिकताकासाथ सुरु गर्ने नीति लिईनेछ ।

२२. सहरमा तरकारी गाउँघरमा भकारी भन्ने नारा सहित सहरी क्षेत्रका घरका कौसी, छत र करेसाबारीमा तरकारी खेती र ग्रामीण क्षेत्रमा धान, मकै, कोदो, गँहु लगायतका अन्नबाली उत्पादनको लागि प्रोत्साहित गरिने छ ।

२३. नगर क्षेत्रका उत्कृष्ट उद्योगी व्यवसायीहरुलाई प्रोत्साहन स्वरुप सम्मान कार्यक्रम गरिनेछ ।

२४. त्रिभूवन पार्क लगायत नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न पार्क तथा भ्युटावर र दृश्यावलोकनका केन्द्रहरुलाई व्यवस्थित गर्नका लागि प्रवेश शुल्क तोक्ने तथा अन्य व्यवस्थापकीय कार्य गरिनेछ । सोका लागि कार्यविधि तर्जुमा गरिनेछ ।

२५. सहकारीको एकीकरणलाई प्रोत्साहन गरी विधिसम्मत किसिमबाट सहकारी संञ्चालनको लागि नियमन कार्यलाई प्रभाकारी बनाईनेछ ।

२६. नगर क्षेत्रभित्र रहेका सहकारी संस्थाका पदाधिकारीहरु, सदस्यहरु र कर्मचारी लक्षित क्षमताविकासका कार्यक्रमहरु आबश्यकताको आधारमा संञ्चालन गरिनेछ ।

२७. यस नगरपालिकक्षेत्रभित्र संञ्चालित उद्योग व्यवसायको वडागत तथ्याङ्क संकलन गरी व्यवस्थित गरिनेछ ।

२८. रोजगार बैंकको अवधारण अन्तर्गत बेरोजगारहरुको लगत संकलन गरी उपभोक्ता समिति, निर्माण व्यवसायी तथा अन्य क्षेत्रसँग समन्वय गरी रोजगारी दिने नीति लिइनेछ ।

**नगरसभा सदस्यज्यूहरु**

“जनतालाई सिकाउ र जनताबाट सिक” भन्ने मूलभुत सिद्धान्तलाई अगिंकार गर्दै यो नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धतासाथ आभार प्रकट गर्दछु । यो नीति तथा कार्यक्रम तर्जुमा गर्न मार्ग निर्देशन गर्नु हुने यस चन्द्रागिरि नगरपालिकाका नगर उपप्रमुख, प्रवक्ता, नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, बिषयगत समितिका संयोजक एवं सदस्यज्यूहरु, कर्मचारी साथीहरु, र प्रत्यक्ष सम्बध राख्ने नगरबासी प्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी यस नीति तथा कार्यक्रममा मार्ग निर्देशन गर्नु हुने माननीय सांसदज्यूहरु, राजनैतिक दलका नेताज्यूहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिज्यूहरु, निजी क्षेत्र, नागरिक समाज, राष्ट्र सेवक लगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने यस चन्द्रागिरि नगरपालिकाका दिदी/बहिनी, दाजु/भाईहरुलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

घनश्याम गिरी
नगर प्रमुख